# १२ औं EWER त्रैमासिक प्रतिवेदन

## जनवरी देखि मार्च- २०१८

## पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ । नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो । २०१८ को जनवरीदेखि मार्च महिनासम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश

- **बिगत प्रतिवेदनहरुमा झै यस त्रैमासिक अवधिमा पनि बिभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु भएको सार्वजनिक जानकारीमा आयो । घुस लिएको आरोपमा सेवा प्रदायक निकायका केही सरकारी कर्मचारीहरुमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले कारवाही अगाडी वढाएको पाईयो । बारा जिल्लाको मालपोत कार्यालयमा जिल्ला प्रशासन कार्यालयले गरेको अनुगमनमा अधिकांश सरकारी कर्मचारीहरु अनुपस्थिती रहे ।**
- **स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु आए पश्चात बिकास र सुशासनले तिव्रता पाउने जन अपेक्षा रहेता पनि यस त्रैमासिक अवधिमा केही स्थानीय तहमा जनप्रतिनिधिहरुको सेवा प्रवाहमा ढिलासुस्ती, कार्यालयमा जनप्रतिनिधिहरुको अनुपस्थिती, स्थानीय तहमा पर्याप्त नीति नियमको अभाव र कर्मचारीहरुको कमीले सेवाग्राहीहरुको काम सहज रुपमा नहुने गरेको पाईयो । यसले गर्दा सर्वसाधारण मारमा पर्नुका साथै निर्वाचित जनप्रतिनिधिप्रति रुष्ट हुने क्रम पनि बढदो रुपमा रहयो । केही स्थानीय निकायमा सेवा केन्द्रको स्थापना गर्ने र सार्ने बिषयको बिबादले तालावन्दीको समेत अवस्था सृजना भएको पाईयो । यसरी कतिपय स्थानहरुमा जनप्रतिनिधिहरुको विवादास्पद निर्णय र कार्यशैलीले एकातिर निर्वाचित जनप्रतिनिधिहरुप्रति सर्वसाधारणको आक्रोस बढन थालेको छ भने अर्कोतिर सुशासन र जवाफदेहीतामा समेत नकारात्मक प्रभाव पर्दै जान थालेको छ ।**
- **स्थानीय तहमा पर्याप्त कर्मचारी नहुँदा सेवाग्राहीहरुको दैनिक काम पनि सहज रुपमा हुन सकेको छैन । स्थानीय तहका प्रतिनिधिहरुबाट पटक पटक सम्बन्धित निकायको माथिल्लो तहमा अवगत गराउँदै कर्मचारी माँग गरिएता पनि मन्त्रालयबाट कर्मचारीको व्यवस्थापन नगरिदा स्थानीय तहमा सेवाग्राहीहरुले मार खेप्नु पर्ने अवस्था देखिएको छ ।**
- **बिगतका प्रतिवेदनहरुमा उल्लेख भएझै, यस त्रैमासिक अवधिमा पनि सातवटै प्रदेशबाट प्राप्त प्रतिवेदन अनुसार स्वास्थ्य क्षेत्रमा सुशासनको अभाव, अस्पतालमा भवन, दक्ष चिकित्सक र औषधीको अभाव, बिरामी जाँच गर्ने मेशीनरी सामान, यन्त्र, उपकरणको अभाव, प्रभावकारी सेवा प्रवाहमा लापरवाही जस्ता कारणले विरामीहरुले आवश्यक स्वास्थ्योपचारको सेवा र अधिकारबाट वञ्चित हुनुपरेको पाईयो ।**
- **यस त्रैमासिक अवधिमा कर्णाली प्रदेश लगायत बिकट हिमाली र पाहाडि जिल्लाहरुमा खाधान्नको उत्पादनमा कमी र आवश्यकता अनुसारको खाद्यान्न ढुवानीको समस्या देखाई आपूर्ति नगरिएको कारणले सर्वसाधारणलाई दैनिक जीवन धान्नको लागि खाद्यान्नको जोहो गर्न हम्मे-हम्मे परेको छ । यसले गर्दा एकातिर खाद्यान्न संकटको त्रास स्थानीयमा बढदो छ भने अर्कोतिर सर्वसाधारणले महंगोमा पनि गुणस्तरहीन खाद्यान्न लिन बाध्य हुनुपर्ने अवस्था देखिएको छ । प्रदेश नं. ३ को काभ्रेपलाञ्चोकमा भने नेपाल गुणस्तर तथा नापतौल बिभागले तीन ग्याँस रिफिलिङ्ग कम्पनीहरुलाई मापदण्ड पुरा नगरेको जनाउँदै संचालनमा अनिश्चितकालका लागि रोक लगाएको छ ।**
- **यस त्रैमासिक अवधिमा बिभिन्न ठाउँमा भएका हत्या र हत्याको प्रयासका घटनाले स्थानीय जनजीवनमा नकारात्मक असर पारेको पाईयो । यस अवधिमा बढी मात्रामा व्यापारिक क्षेत्रका व्यक्तिहरुमाथिको हत्या, हत्याको प्रयास, बम बिष्फोट र धम्कीका घटनाका कारण स्थानीय व्यापारीहरुले सुरक्षाको प्रत्याभूति गराउन माँग गर्दै स्थानीय प्रशासन र सरकारको समेत ध्यानाकर्षण गराउने कार्य गरे ।**

- बिगत प्रतिवेदनमा झै यस त्रैमासिक अवधिमा सातवटै प्रदेशहरुमा सामाजिक हिंसा र तनावका मुद्दाहरु सार्वजनिक जानकारीमा आएको पाईयो । महिलामाथिको हिंसा अन्तर्गत बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार, बहुविवाह, बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा लगायतका सवालमा हिंसा र तनावका घटनाहरु बढदो रुपमा रह्यो । यसले महिला र बालिकामाथिको बढदो असुरक्षालाई समेत उजागर गरेको छ । केही ठाउँमा भने महिला र बालिकामाथिको हिंसाका घटना रोक्नका स्थानीय प्रशासन र निर्वाचित जनप्रतिनिधिहरुबाट सकारात्मक प्रयास समेत भएको पाईएको छ ।
- यस अवधिमा प्राप्त भएका प्रतिवेदनलाई हेर्दा महिलालाई भारत लगायत अन्य बिभिन्न देशहरुमा राम्रो जागीर लगाईदिने प्रलोभनमा पारि बेचविखनको लागि लैजाने कम अझै रोकिएको छैन । यसैकममा बाहिरी मुलुकका लागि अवैद्य रुपबाट लैजान खोजिएका युवतीहरुको उद्धार र मानव वेचविखनमा संलग्न केही व्यक्तिहरुलाई गिरफ्तार गरि कारवाही गरिएका घटनाहरु यस अवधिमा पनि सार्वजनिक जानकारीमा आएको पाईयो ।
- यस अवधिमा नीजि अस्पतालहरुमा कार्यरत नर्सहरुमाथि अस्पतालका संचालकले धेरै समय काममा लगाउने तर श्रमको उचित पारिश्रमिक नदिने लगायत सुरक्षा चुनौतीका विषयहरुलाई समेत समेटदै नर्सहरुको संगठन नेपाल नर्सिङ्ग संघले पेशागत हित र संरक्षणका सवालमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गरायो ।
- यस अवधिमा पनि गाई र गोरु काटन पाईने कि नपाईने भन्ने बिषयको बिबादले कतिपय स्थानहरुमा तनाव सृजना गरेको पाईयो । प्रदेश नं. १ को पाँचथरमा गोरु काटेको अरोपमा ६ जनालाई गिरफ्तार गरि कारवाही समेत गरिएको प्रहरीले जनायो ।
- नेपाल र भारतको सिमा क्षेत्रमा खुल्ला रुपमा मदिराजन्य पदार्थको बिकी र भारतीय क्षेत्रबाट हुने लागुऔषध ओसार पसार जस्ता कारणले यस अवधिमा पनि सिमावर्ती ठाउँहरु बिकृतीपूर्ण स्थान बन्दै गएकोमा स्थानीयले चिन्ता व्यक्त गरे ।
- यस त्रैमासिक अवधिमा प्रदेशको राजधानी तोक्ने बिषय सवैभन्दा गहन भएको पाईयो । पूर्व प्रधानमन्त्री शेरवहादुर देउवाको सरकारले प्रदेशको अस्थायी राजधानी तोक्ने निर्णय गरेपश्चात कतिपय प्रदेशमा बिरोध र समर्थनका गतिविधिहरु भए । विरगंज लगायतका स्थानमा धर्ना र अनसन समेत बसेको पाईयो । केही स्थानमा भने नामाङ्कनकै विषयमा समेत तीव्र विवाद हुने अवस्था देखिएको प्राप्त प्रतिवेदनमा उल्लेख छ । प्रदेश नम्वर ६ मा भने केन्द्र र नामको विवाद समाधान भएको पाईयो ।
- यस अवधिमा नेत्रबिकम चन्द नेतृत्वको नेकपा माओबादीका कार्यकर्ताहरुबाट बिभिन्न ठाउँमा भएको बन्द आह्वानका कारण यातायात, शिक्षण संस्था, कल कारखाना र बजारहरु ठप्प पार्नुका साथै जनजीवन प्रभावित भयो । केही स्थानहरुमा यातायातका साधन लगायत व्यक्तिगत सम्पत्तिमाथि तोडफोड गर्नुका साथै एनसेलको टावरहरुमा बिष्फोट गरि क्षति पुरयाए । यसैकममा उक्त संगठनका केही नेता तथा कायकर्ताहरुलाई प्रहरीले गिरफ्तार गरेको सार्वजनिक जानकारीमा आयो ।
- यस त्रैमासिक अवधिमा प्राप्त प्रतिवेदनका आधारमा कतिपय स्थानहरुमा भईरहेका बिकास निर्माणका कार्यहरु मापदण्ड अनुरुप नभएका र गुणस्तरहीन भएको जनाउँदै स्थानीय तहका जनप्रतिनिधिहरुले नै निर्माण गरिएको कामको छानवीन र कारवाही गरिनुपर्ने आवाज उठाएको पाईयो । केही स्थानमा भने खोलानाला र नदीहरुबाट गिट्टी, बालुवा, ढुङ्गा लगायतका स्रोतहरु मापदण्ड विपरीत निकाल्ने कार्यमा जनप्रतिनिधिहरु नै सहयोगी भएको समाचारहरु समेत सार्वजनिक भए । केही स्थानमा भने स्थानीय स्रोत (गिट्टी, बालुवा, ढुङ्गा) प्रयोग गर्ने बिषयमा झडपनै भएका घटनाहरु पनि सार्वजनिक भए । खोला नालामा भएका उत्खनन र उच्च दोहनले आउँदा दिनमा बाढी पहिरोको खतरा बढने भनि कतिपय स्थानमा स्थानीयलाई चिन्तित समेत बनाउने गरेको छ । केही ठाउँमा (स्थानीय तह) ठेक्का लगाउने र कर उठाउने विषयमा स्थानीय तह र जिल्ला समन्वय समितिवीच पनि विवाद सृजना भएको पाईयो ।
- प्रदेश नं. ४ काराजधानी पोखरामा सार्वजनिक जग्गा अतिकमण र प्राकृतिक स्रोत-साधनको दोहन अनियन्त्रित भएको जनाउँदै त्यसलाई रोक्नका लागि एक समितिनै गठन भएको पाईयो भने लमजुङमा जलविद्युत आयोजना र प्रसारण लाईनबाट जनजिविकामाथि बाधा पुग्नुका साथै बातावरणीय प्रतिकुल असर पर्ने गरेको जनाउँदै स्थानीयहरु विरोध र आन्दोलनमै उत्रिएका छन् ।
- संक्रमणकालीन न्याय तथा न्यायमाथिको पहुँचको सवालमा बिगतमा झै यस अवधिमा पनि केही उदाहरणीय चर्चा भएको पाईयो । द्वन्द्वकालीन समयमा मुद्दाहरुलाई सम्बोधन गर्न भनि स्थापना गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरुसम्बन्धी छानवीन आयोगको काम प्रभावकारी हुन नसकेको पीडित परिवारले आरोप लगाउँदै आयोगका पदाधिकारी र कर्मचारीहरुलाई समेत कालो सूचिमा राखेर कारवाही हुनुपर्ने धारणा सार्वजनिक गरे । लामो समयदेखि न्यायको खोजी गर्दै आन्दोलन गरिरहेकी गंगामाया अधिकारीले न्यायका लागि पुनः भोक हडताल गर्ने उद्घोष गरिन् ।
- यस त्रैमासिक अवधिसम्म पनि भूकम्प पीडित तथा प्रभावितहरुले उचित क्षतिपूर्ति र राहत पाउन नसकेको गुनासो गरिरहे । कतिपय जिल्लाका स्थानहरुमा भूकम्प र पहिरोले क्षति पुरयाएको भवन र फर्निचरहरु निर्माण हुन नसक्दा बालबालिकाहरुको पठन-पाठनमा समेत निकै समस्या देखियो । विराटनगर उपमहानगरपालिकाका बाढी

**पीडितहरुले, सरकारले बिनियोजित गरि पठाएको रकम समेत स्थानीय तह मातहतको वडा कार्यालयबाट उपलब्ध गराउने कार्यमा वेवास्ता गरिएको जनाउँदै, वडा कार्यालयमा तालावन्दी गरे ।**

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**बिगत प्रतिवेदनहरुमा झैं यस त्रैमासिक अवधिमा पनि बिभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु भएको सार्वजनिक जानकारीमा आयो । घुस लिएको आरोपमा सेवा प्रदायक निकायका केही सरकारी कर्मचारीहरुमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले कारवाही अगाडी वढाएको पाईयो । बारा जिल्लाको मालपोत कार्यालयमा जिल्ला प्रशासन कार्यालयले गरेको अनुगमनमा अधिकांश सरकारी कर्मचारीहरु अनुपस्थिती रहे ।**

घरेलु तथा साना उद्योग कार्यालय लहानका उद्योग अधिकृत राजेन्द्र कुमार लाल कर्णलाई ०७५ फागुन १६ गते बेलुका अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले घुस सहित पक्राउ गर्‍यो । अधिकृत कर्णलाई २ लाख घुस सहित गिरफ्तार गरिएको एपसी किसन सिंह थापाले बताए । घरेलु कार्यालय लहान अन्तर्गत मेडाप सहयोगमा संचालन रहेको लघु उद्यम विकास कार्यक्रमको रकम निकासामा प्रमुख कर्णले स्थानीय संस्था संचालकसंग १० प्रतिशत रकम माँग गरेको र सोही रकम लिने क्रममा गिरफ्तार गरिएको जनाईएको छ । त्यसैगरिसिरहाको लहानस्थित पशुपति आदर्श माध्यमिक विद्यालयका निमित्त प्रधानाध्यापक परमेश्वर रायले दुई करोडभन्दा बढी रकम अनियमितता गरेको आरोपमा अख्तियार दूरुपयोग अनुसन्धान आयोगमा छानवीन र कारवाहीको लागि उजुरी परेको छ । प्रअ रायले विद्यालयको जग्गामा पक्का भवन निर्माणका लागि उपभोक्ताबाट संकलन गरेको रकम र सरकारबाट प्राप्त अनुदान रकममा अनियमितता भएको उजुरीमा उल्लेख गरिएको छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

जिल्ला प्रशासन कार्यालय बाराले ०७५ फागुन १६ गते जिल्ला मालपोत कार्यालयमा आकस्मिक अनुगमन गर्दा उक्त कार्यालयमा ७ जनाले हाजिर नगरेको र ३ जना हाजिर गरेर पनि अनुपस्थित भएको पाईएको प्रशासन कार्यालयले जनायो । प्रशासनको टोली दिउँसो साढे ३ बजे मालपोत कार्यालय पुग्दा कर्मचारी नभेटिएको प्रशासनका शाखा अधिकृत ठाकुरराम भण्डारीले जानकारी दिए । छडके निरीक्षणमा जिल्ला प्रशासन कार्यालय पर्साका शाखा अधिकृत भण्डारी र नायब सुब्बा महेशकुमार अर्याल मालपोत कार्यालयमा पुगेका थिए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु आए पश्चात बिकास र सुशासनले तिव्रता पाउने जन अपेक्षा रहेता पनि यस त्रैमासिक अवधिमा केही स्थानीय तहमा जनप्रतिनिधिहरुको सेवा प्रवाहमा ढिलासुस्ती, कार्यालयमा जनप्रतिनिधिहरुको अनुपस्थिती, स्थानीय तहमा पर्याप्त नीति नियमको अभाव र कर्मचारीहरुको कमीले सेवाग्राहीहरुको काम सहज रुपमा नहुने गरेको पाईयो । यसले गर्दा सर्वसाधारण मारमा पर्नुका साथै निर्वाचित जनप्रतिनिधिप्रति रुष्ट हुने क्रम पनि बढदो रुपमा रहयो । केही स्थानीय निकायमा सेवा केन्द्रको स्थापना गर्ने र सार्ने बिषयको बिबादले तालावन्दीको समेत अवस्था सृजना भएको पाईयो । यसरी कतिपय स्थानहरुमा जनप्रतिनिधिहरुको विवादास्पद निर्णय र कार्यशैलीले एकातिर निर्वाचित जनप्रतिनिधिहरुप्रति सर्वसाधारणको आक्रोस बढन थालेको छ भने अर्कोतिर सुशासन र जवाफदेहीतामा समेत नकारात्मक प्रभाव पर्दै जान थालेको छ ।**

ताप्लेजुङमा स्थानीय तहका जनप्रतिनिधिहरुले सही तरीकाले काम नगरिदिदा ताप्लेजुङका जनताले सामान्य काममा पनि निकै सास्ती पाउने गरेका छन् । स्थानीय तहको काम, कर्तव्य र अधिकारको विषयमा वडाध्यक्षहरुमा यथेष्ठ जानकारी नहुँदा नागरिकहरुले सहज रुपमा सेवा पाउन कठिन भएको छ । निर्वाचित वडाध्यक्षहरु गाउँमा सहज रुपमा नभेटिदा कतिपय स्थानमा नागरिकता लगायत विभिन्न सिफारिसहरु लिन पनि समस्या हुने गरेको छ । त्यसैगरि एक नगरपालिका र ८ वटा गाउँपालिका रहेको ताप्लेजुङमा आवश्यक्ता अनुसारका कर्मचारीहरु नहुँदा नागरिकहरुले पाउने सेवा पनि प्रभावकारी हुन सकिरहेको छैन ।कर्मचारीको अभावले काम गर्न निकै समस्या भईरहेको फुङलिङ नपाका प्रशासकीय अधिकृत श्रवणकुमार पोखरेलको बताउँछन् । कर्मचारीको अभावमा एउटा सचिवलाई नै कम्तिमा दुई वा सोभन्दा बढी वडाको जिम्मेवारी दिनुपर्ने बाध्यता भएको प्रशासकीय अधिकृत पोखरेलले गुनासो छ । स्थानीय तहमा कर्मचारीको अभाव रहेकाले व्ययवस्थापनका लागि तीन महिनाअघि नै सामान्य प्रशासन मन्त्रालयमा आग्रह गरिएता पनि अझै समाधान हुन नसकेको अधिकृत पोखरेलको भनाई थियो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

सिरहा जिल्लास्थित स्थानीय तहमा जनप्रतिनिधि चुनिएको चार महिना बित्दा पनि बिकास निर्माणका काम सुरु गरिएको छैन कतिपय स्थानमा न्यायिक समिति, बजेट तथा कार्यक्रम तर्जुमा लगायतका समिति नै गठन हुन सकेका छैनन् । समिति गठन भएका स्थानीय तहमा समेत विवाद देखिएको छ । जिल्लामा ८ नगरपालिका र ९ गाउँपालिका गरी १७ स्थानीय तह छन् । भवन अभावमा अधिकांश वडा कार्यालय विद्यालयको साँघुरो कोठा र कतिपय स्थानमा संयुक्त कार्यालय सञ्चालन गर्नु पर्दा सेवा प्रवाहमा समस्या निम्तिएको छ । जिल्लाकै पुरानो लहान नगरपालिकाको १ देखि ९ वडा पुरानो कार्यालयकै सटरमा संयुक्त रुपमा सञ्चालित छन् । १३ र १४ वडा कार्यलय पनि एउटै कोठामा छन् । केही वडा कार्यालय विद्यालयमा

र भाडामा सञ्चालित छन्। कतिपय नगर र गाँउ पालिकामा प्रमुख र वडाध्यक्षबीच अधिकार क्षेत्रको विवादले कार्यपालिकाको बैठक समेत बस्न सकेको छैन। बस्तीस्तरबाट योजना छनोट हुन नसक्दा नगर र गाउँ सभा गर्नै सकस परेको छ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सप्तरीको सदरमुकाम राजविराजमा सम्पर्क कार्यालय बनाएपछि तिलाठी-कोइलाडी गाँउपालिका कार्यालय सुनसान बनेको छ। कार्यालयमा अध्यक्ष, उपाध्यक्ष, कार्यकारी अधिकृतसहितका कर्मचारी बस्ने कार्यकक्ष हुँदा पनि कार्यालयमा जनप्रतिनिधि र कर्मचारी बस्दैनन्। गाँउपालिकाले स्वर्ण टोलको एउटा घर भाडामा लिएर सम्पर्क कार्यालय राखेको छ। गाँउपालिकाको काम त्यहीबाट हुने गरेकाले कार्यकारी प्रमुख लगायत अधिकांश कर्मचारी मुख्य कार्यालय तिलाठी जाँदैनन्। मुलुक संघीयतामा गएसँगै गठन भएको स्थानीय तहलाई 'स्थानीय सरकार' का रुपमा परिभाषित गरिएको छ। तर, तिलाठी-कोइलाडी गाउँपालिकाका स्थानीयले सो अनुभव गर्न पाएका छैनन्। कार्यकारी अधिकृत र जनप्रतिनिधि समेत कार्यालयमा नियमित नबसेपछि स्थानीय सरकारबाट उनीहरुले लाभ लिन सकेका छैनन्।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

रौतहटको वृन्दावन नगरपालिकामा ०७४ फागुन २ गते दिउँसो केन्द्र सार्ने विषयमा नगर कार्यपालिकाको बैठक बसिरहेको स्थानमा स्थानीय बासिन्दाले आक्रमण गरेपछि दोहरो झडप हुन पुग्यो। आक्रोसित स्थानीय बासिन्दाले नगरपालिकाको कार्यालय तोडफोड र कागजपत्रमा आगजानी गर्न थालेपछि प्रहरीले बाध्य भएर लाठीचार्ज र अश्रुग्याँस प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनायो। वृन्दावन नगरपालिकाको केन्द्र साविक विश्रामपुर गाविस भवनमा तोकिएकोमा सो स्थान अपायक र कुनामा रहेको भन्दै विश्रामपुर गाविसकै चमनपुरमा सार्ने तयारी गरेर निर्णय गर्न थालिएको थियो। केन्द्र सार्ने निर्णय गर्न लागेपछि बाम गठबन्धनका पाँचजना वडा अध्यक्षसहितले विरोध गरेपछि विश्रामपुर लगायत वरपरका स्थानीय वासिन्दा विरोधमा उत्रिएका थिए। राजनीतिक सहमती नगरी नगरपालिका मेयरले बहुमतको आडमा केन्द्र सार्न लागेको जनाउँदै स्थानीय बासिन्दा प्रतिरोधमा उत्रिएका कारण स्थिती असामान्य हुन पुगेको थियो।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सुर्खेतको सिम्ता गाउँपालिकाको केन्द्र परिवर्तन भएको छ। गाउँसभाले मतदानबाटै केन्द्र परिवर्तन गर्ने निर्णय लिएको ०७५ फागुन ६ गते प्रकाशित साझा बिसौनीमा उल्लेख छ। साविकको बजेडीचौरबाट राकममा केन्द्र सार्ने विषयले स्थानीयमा विवाद निम्त्याएको थियो। यद्धपी नयाँ केन्द्र अभ्यासमा आएपश्चात् उक्त विवादले ठूलो रुप भने लिएन। त्यसैगरि यस त्रैमासिक अवधीमा डोल्पाको ठूलीभेरी नगरपालिकाको केन्द्र दुनैबाट जुफाल सारेको विरोधमा हिंसात्मक आन्दोलन समेत हुन पुग्यो।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

मुलुक नयाँ संरचनामा गएसंगै अर्घाखाची जिल्लामा भने स्थानीय तहका जनप्रतिनिधिहरुले करको दायरा बढाउन थालेपछि तनाव पनि बढ्न थालेको छ। उक्त जिल्लाको पाणिनी गाउँपालिकाका करिव पाँचसय व्यापारीहरु बढाईएको करको बिरोधमा ०७४ माघ २२ गते आन्दोलनमै उत्रिए। गाउँपालिकाले नीति तथा कार्यक्रम लागु गर्ने क्रममा मूल्य अभिबृद्दि दर्ता तथा कर शुल्कमा मनोमानी रुपमा बृद्धि गरिएको व्यापारीहरुको आरोप छ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**स्थानीय तहमा पर्याप्त कर्मचारी नहुँदा सेवाग्राहीहरुको दैनिक काम पनि सहज रुपमा हुन सकेको छैन। स्थानीय तहका प्रतिनिधिहरुले पटक पटक सम्बन्धित निकायको माथिल्लो तहमा अवगत गराउँदै कर्मचारी माँग गरिएता पनि मन्त्रालयबाट कर्मचारीको व्यवस्थापन नगरिदा स्थानीय तहमा सेवाग्राहीहरुले मार खेप्नु पर्ने अवस्था देखिएको छ।**

खोटाङ जिल्लाको जन्तेढुङ्गा गाउँपालिकाका सवै वडाहरुमा सचिव नहुँदा वडाको कामकाज नै प्रभावित हुन पुगेको छ। उक्त गाउँपालिकाको छ वटै वडा यतिवेला सचिवविहीन हुँदा स्थानीय समुदायले निकै कष्ट भोग्नु परेको छ। सचिव नभएका कारण प्राविधिक कर्मचारीले नै सचिवको पनि जिम्मेवारी पनि निर्वाह गर्दै आएका छन्।सो जिल्लाको बराहापोखरी गाउँपालिका अन्तर्गत ६ वटा वडामध्ये ५ वटा वडामा सचिव छैनन्। बराहापोखरी गाउँपालिका ४ फाक्टाङ बाहेकका वडामा वडा सचिव नभएकोले सवै वडा कार्यालयको काम उनै ४ नम्वर वडाका सचिवले गरिरहेको जिल्ला समन्वय समितिखोटाङका प्रमुख बबि चाम्लिङले जनाए।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

स्थानीय तहमा कर्मचारीको नहुँदा सेवाप्रवाह प्रभावित छ। संघीय सरकारले प्रदेशमा कर्मचारी खटाएको भने पनि खटाईएका कर्मचारीहरु स्थानीय तहमा पुगेका छैनन्। यसले संघीयता कार्यान्वयनमै चुनौती थपिदिएको छ। स्थानीय तहमा विकास निर्माणका कार्य अगाडि बढाउन र जनतालाई न्यूनतम सेवा उपलब्ध गराउन एउटा वडामा कम्तीमा एकजना ओभरसियर र एउटा गाउँपालिकमा कम्तीमा एक जना इन्जिनियर आवश्यक पर्ने स्थानीय विकास मन्त्रालयको अध्ययनमा उल्लेख भए पनि अधिकांश स्थानीय तहमा प्राविधिक कर्मचारी नै छैनन्।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

वाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका वडा नं. १ का एकजना मात्र वडा सचिव कमलप्रसाद कँडेलले सो नपाको १० वटै वडाको काम हेर्नुपर्दा निकै समस्या व्यहोर्नु परेको उनको भनाई छ। सामाजिक सुरक्षा भत्ता वितरण लगायत बिभिन्न सिफारिसहरु समसामयिक समस्याहरुको बारेमा हेर्नुपर्दा काम गर्नै कठिन भएको सचिव कँडेल बताउँछन्। उनका अनुसार अरु सचिवको व्यवस्था नभएसम्म एक्लो कर्मचारीले नै सवै गर्नुपर्ने भएकाले सेवाग्राहीलाई तत्कालै सेवा दिन नसक्दा

सेवाग्राहीले पनि दुःख पाउनु पर्ने अवस्था रहेको स्थानीयको गुनासो छ । त्यसैगरि निसीखोला र बरेङ गाउँपालिकामा पनि कर्मचारीको समस्या उस्तै रहेको छ। निसीखोला गाउँपालिकाको पाँचवटा वडामध्ये दुईवटा वडामा र बरेङको पाँचवटा वडामध्ये एउटा वडामा मात्र वडा सचिव छन्। सवै वडामा सचिव नभएपछि गाउँको मुख्य कामै रोकिने अवस्था रहेको जनाउँदै जनशक्ति केन्द्रबाटै नपठाएकाले समस्या देखिएको स्थानीय तहका प्रमुखहरु बताउँछन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

मुलुक संघीय व्यवस्थामा प्रवेश गरेलगत्तै कर्मचारी व्यवस्थापनको समस्या जटील बनेको छ । नयाँ संरचनामा केन्द्रबाटै कर्मचारी खटाउनु पर्ने भएकाले केन्द्रले यसको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यद्यपी केन्द्रबाट खटाईएका कर्मचारीहरु प्रदेश वा स्थानीय तहमा जान नमान्ने भएकाले हालको अवस्थालाई कर्मचारीतन्त्रको संक्रमणकाल भनेर बुझ्न सकिन्छ । त्यसैगरि यस समीक्षा अवधीमा चिसो छल्न भन्दै हिमाली जिल्लाका कर्मचारीले जिल्ला छोडेर गर्मी स्थानमा जान थालेपछि सरकारी कार्यालय निमित्त र कार्यालय सहयोगीको भरमा मात्र चलेको छ । यसले सरकारी कर्मचारीको गैरजिम्मेवारीपना देखाउँछ भने सेवाग्राहीको काममा समेत निकै बाधा पर्ने गरेको देखिन्छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**बिगतका प्रतिवेदनहरुमा उल्लेख भएझै, यस त्रैमासिक अवधिमा पनि सातवटै प्रदेशबाट प्राप्त प्रतिवेदन अनुसार स्वास्थ्य क्षेत्रमा सुशासनको अभाव, अस्पतालमा भवन, दक्ष चिकित्सक र औषधीको अभाव, बिरामी जाँच गर्ने मेशीनरी सामान, यन्त्र, उपकरणको अभाव, प्रभावकारी सेवा प्रवाहमा लापरवाही जस्ता कारणले विरामीहरुले आवश्यक स्वास्थ्योपचारको सेवा र अधिकारबाट वञ्चित हुनुपरेको पाईयो ।**

उदयपुरमा स्वास्थ्य क्षेत्रको अवस्था दिन प्रतिदिन खस्कदो अवस्थामा रहेको पाईएको छ। भवनको उचित व्यावस्थापन नहुँदा उपचारका लागि आउने विरामीहरुलाई समेत समस्या हुने गरेको छ । अस्पतालमा दरवन्दी अनुसार अझै पनि दक्ष चिकीत्सकहरुछैनन् । ०६८ सालमा ६ करोड ५३ लाख रुपियाँको लागतमा अस्पतालको २५ कोठाको दुईतले पक्की भवन निर्माण कार्य सम्पन्न भएता पनि अप्पतालबाट दिइने सेवासुविधा प्रभावकारी नहुँदा त्यसको प्रत्यक्ष असर जिल्लाबासी र भोजपुर र खोटाङ लगायत छिमेकी जिल्लाका सर्वसाधारणमा समेत परेको छ । अस्पतालमा एक जना ११ औं तह र १४ जना विशेषज्ञ डाक्टरसहित ५९ जनाको दरबन्दी छ । तर, अस्पतालमा यतिबेला एकै जना पनि विशेषज्ञ चिकित्सक छैनन् । अस्पताल केवल मेडिकल अधिकृत त्यो पनि अध्ययन सकेर प्राक्टिकल (सिकाई अभ्यास) गर्न आउने चिकित्सकको भरमा छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

जिल्ला अस्पताल बाजुरामा स्वास्थ्यकर्मीहरुको अभावका कारण यस अवधिमा कार्यालय सहयोगीले नै बिरामीको एक्सरे गर्ने गरेका छन् । एक्सरे गर्ने कर्मचारी घर विदामा गएपछि कार्यालय सहयोगीले एक्सरे मेशीन चलाई जाँच गर्दा बिरामीहरु मार्कामा पर्ने गरेका छन् । एक्सरे मेशीन चलाउने स्वास्थ्यकर्मी लामो समयदेखि बिदामा बसेका कारण सहयोगीले नै उक्त जिम्मेवारी निर्वाह गर्दै आएका हुन् । त्यसैगरि जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत रेडियोग्राफर पनि बिदा लिई अन्यत्र गएका कारण महिनौदेखि बिरामीहरु उक्त सेवाबाट पनि बन्चित हुदै आएका छन् । स्वास्थ्य कार्यालयमा प्राविधिक क्षेत्रका बैकल्पीक कर्मचारी र स्वास्थ्यकर्मीहरु नहुँदा एकजनाबाट मात्रै संचालन हुँदै आएको सेवाहरु उनीहरुको अनुपस्थितीमा बन्द नै गर्नुपर्ने र त्यसको प्रत्यक्ष असर स्वास्थ्य जाँचको लागि आउने बिरामीहरुमा पर्ने गरेको छ ।त्यसैगरि यस त्रैमासिक अवधिमा जिल्ला अस्पताल बझाङमा डाक्टर नहुँदा विरामीहरु मर्कामा पर्ने गरेका छन् । जिल्ला अस्पताल बझाङमा कुल चारजना डाक्टरको दरबन्दी रहेकोमा तीन जना डाक्टर विदामा बसेपछि बिरामीहरु मर्कामा परेका हुन् । सो अस्पतालमा कार्यरत डाक्टर अरविन्द जोशी फागुन १५ गतेदेखि, डाक्टर सुस्मीता शर्मा फागुनको पहिलो सातादेखि र डा. शेरबहादुर साउद फागुन ९ गतेदेखि बिदामा रहेका कारण विरामीहरु सेवाबाट बंचित हुनु परेको हो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)

संखुवासभाका स्थानीय अस्पतालहरुमा औषधीको अभाव भएकाले सरकारले निःशुल्क उपलब्ध गराउने भनिएको औषधीबाट स्थानीयसमुदाय बंचित हुनु परेको छ । जिल्लाको १० वटै स्थानीय तहले हालसम्म औषधी खरीद गरि अस्पतालहरुमा नपठाएका कारण सर्वसाधारणले स्वास्थ्य निकायबाट निशुल्क रुपमा पाईने औषधीबाट बन्चित हुनुपरेको हो । बिगतमा जिल्ला जनस्वास्थ्य कार्यालयले औषधी आपूर्ति गर्दै आएकोमा स्थानीय तहको नयाँ संरचनापछि सम्बन्धित गाउँपालिका र नगरपालिकाले नै खरीद गर्नुपर्ने अवस्था रहेको छ । तर हालसम्म पनि स्थानीय तहबाट औषधीको उपलब्धता नभएका कारण स्वास्थ्य उपचारमा समेत समस्या उत्पन्न भएको चिकीत्सकहरु बताउँछन् । अस्पताल र स्वास्थ्य चौकीबाट निशुल्क औषधी नपाएपछि सामान्य औषधी पनि विरामीले किन्नुपर्ने बाध्यता रहेको भोटखोला गाउँपालिका, हटियाका थुदोक भोटेले बताए । जिल्ला अस्पतालमा ७० प्रकारका र स्वास्थ्य संस्थामा ३६ प्रकारको औषधि निशुल्क रुपमा उपलव्ध गराउने भनिए पनि उपलब्ध हुन नसकेपछि बिरामीले हरेक औपधीमहङ्गोमा किन्नु पर्ने बाध्यता बनेको छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

रुपन्देहीको सैनामैना नगरपालिकाका नगर प्रमुख र उपप्रमुखको कार्यकक्षमा नेपाल स्वास्थ्यकर्मी संघ रुपन्देहीले २०७४ माघ १८ तालाबन्दी गरे । स्वास्थ्य चौकीमा कर्मचारी छनौट प्रकृयामा अनियमितता भएको आरोप लगाउँदै संघले प्रमुख र उपप्रमुखको कार्यकक्षमा तालाबन्दी गरेको थियो ।त्यसैगरि बाँके जिल्लाको नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा ०७४ माघ ४ गते उपचारको कममा सुत्केरीको मृत्यु भएपछि आफन्तले अस्पतालमा तोडफोड गरे । सुत्केरी

व्यथाले च्यापेपछि मेडिकल कलेज कोहलपुरमा ल्याईएकी दैलेख चौखाडाकी २२ बर्षिया सिता सिंह शाहीको मृत्यु भएपछि आफन्तले सो दिन अस्पताल तोडफोड गरेका हुन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

प्रदेश नं. ६ का अधिकांश स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको अभावका कारण विरामीहरु स्वास्थ्य उपचारको सेवाबाट बंचित हुनु परेको छ । औषधीको अभावमा रुघाखोकी, भाइरल ज्वरो र अन्य विरामीका कारण मानिसले ज्यान समेत गुमाउनु परेको छ । हुम्लाको सर्केगाड गाउँपालिका र जाजरकोटका विभिन्न स्थानमा फैलिएको महामारीका कारण १२ जनाको ज्यान गएको ०७५ पुष २२ गते प्रकाशित साझा विसौनी दैनिकमा उल्लेख छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**यस त्रैमासिक अवधिमा कर्णाली प्रदेश लगायत बिकट हिमाली र पाहाडि जिल्लाहरुमा खाधान्नको उत्पादनमा कमी र आवश्यकता अनुसारको खाद्यान्न ढुवानीको समस्या देखाई आपूर्ति नगरिएको कारणले सर्वसाधारणलाई दैनिक जीवन धान्नको लागि खाद्यान्नको जोहो गर्न हम्मे-हम्मे परेको छ । यसले गर्दा एकातिर खाद्यान्न संकटको त्रास स्थानीयमा बढदो छ भने अर्कोतिर सर्वसाधारणले महंगोमा पनि गुणस्तरहीन खाद्यान्न लिन बाध्य हुनुपर्ने अवस्था देखिएको छ । प्रदेश नं. ३ को काभ्रेपलाञ्चोकमा भने नेपाल गुणस्तर तथा नापतौल बिभागले तीन ग्याँस रिफिलिङ्ग कम्पनीहरुलाई मापदण्ड पुरा नगरेको जनाउँदै संचालनमा अनिश्चितकालका लागि रोक लगाएको छ ।**

भौगोलिक विकटताका रुपमा रहेको कर्णाली प्रदेशको कालीकोट, हुम्ला र डोल्पा लगायतका जिल्लामा उत्पादित खाद्यान्नले बर्षदिनसम्म धान्न नकसेका कारण खाद्यान्न संकटको अवस्था सृजना हुन थालेको छ । खाद्य संस्थानले उपलब्ध गराउने चामल पनि ढुवानीकर्ताले समयमै ढुवानी नगर्दा डोल्पामा खाद्यान्नको बिकराल समस्या सृजना भएको छ । कालिकोट, जुम्ला र मुगुसम्म स्थलमार्गबाट खाद्यान्न ढुवानी हुने गरेता पनि सडक अभावका कारण डोल्पामा र हुम्लामा खाद्यान्नको अभाव नै प्रमुख समस्याको रुपमा रहेको छ । ठेकेदारको लापरवाहीको कारण समयमै खाद्यान्न ढुवानी हुन नसक्दा यी जिल्लामा खाद्यान्नको अभाव भएको ०७४ पुष २९ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

नेपाल गुणस्तर तथा नापतौल विभागले काभ्रेको तीन ग्यास रिफिलिङ् कम्पनीमा गुणस्तर मापदण्ड पुरा नगरेको भन्दै ०७४ पुष २१ गतेदेखि सञ्चालन बन्द गरिदिएको छ । बनेपाका सगरमाथा, चण्डेश्वरी ग्याँस उद्योग तथा सूर्य ग्याँस उद्योगले विभागले तोकेबमोजिम एनएस प्रमाणपत्र नलिएको तथा अन्य सुरक्षामापदण्ड पुरा नगरेको जनाउँदै त्यस कम्पनीको संचालन अनिश्चितकालका लागि बन्दगरेको हो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**यस त्रैमासिक अवधिमा बिभिन्न ठाउँमा भएका हत्या र हत्याको प्रयासका घटनाले स्थानीय जनजीवनमा नकारात्मक असर पारेको पाईयो । यस अवधिमा बढी मात्रामा व्यापारिक क्षेत्रका व्यक्तिहरुमाथिको हत्या, हत्याको प्रयास, बम बिष्फोट र धम्कीका घटनाका कारण स्थानीय व्यापारीहरुले सुरक्षाको प्रत्याभूति गराउन माँग गर्दै स्थानीय प्रशासन र सरकारको समेत ध्यानाकर्षण गराउने कार्य गरे ।**

रुपन्देहीको देवदह नगरपालिकास्थित ढेकाबारमा ०७५ पुष २१ बिहान करिब ११ बजे आफ्नै फर्निचर उद्योगमा बसेका बेला काठ व्यवसायी वसन्त पौडेलको अपरिचित व्यक्तिहरुको समूहले गोली हानि हत्या गरे । मोटरसाइकलमा आएका २ जनाले गोली हानी भागेको स्थानीयले बताए । घटना लगत्तै यसअघि हत्या गरिएका युवासंघ रुपन्देहीका अध्यक्ष दुर्गा तिवारीको घटनाका मुख्य आरोपी मनोज पुनले स्थानीयलाई टेलिफोन गरी हत्याको जिम्मा लिए । हत्याको बिरुद्धमा एमाले निकट युवा संघ र अनेरास्वबियुले तीन दिनसम्म रुपन्देही बन्द गर्नुका साथै ५ नम्बर प्रदेशका अन्य जिल्लाको दाङ्ग, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा लगायतका जिल्लाहरुमा पनि बन्द, हडताल र चक्का जामले जनजीवन प्रभावित भएको थियो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

रुपन्देहीको सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका नवनिवार्चित कार्यसमिति सदस्य हरिष सेठियामाथि फागुन २८ गते राती गोली प्रहार भएको विरोधमा भैरहवाका व्यवसायीहरुले त्यसको भोलिपल्ट बजार बन्द गरेर प्रशासनको विरोध जनाए । उनीहरुले फागुन २९ गते बजार बन्द गर्नुका साथै घटनाका संलग्न व्यक्तिहरुको खोजी गरि कारवाही गर्न माँग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा ज्ञापन पत्र समेत बुझाएका थिए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

सिरहाको लहान नपा १ स्थित शहीद चौक नजिकको एक पसलमा २०७४ फागुन १० गते प्रेसरकुकर बम बिस्फोट भयो । बम बिस्फोटबाट पसलका प्रोपराईटर अनिल अग्रवाल गम्भीर घाईते भए । प्रहरीका अनुसार लहानस्थित शहिद चौक नजिकको शुभलक्ष्मी स्टोर अगाडि बोरामा बेरेर राखेको बम बिस्फोट भएको थियो । उक्त बम कसले राखेको भन्ने थाहा नभएको यधपी घटनाको अनुसन्धान भईरहेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायव उपरीक्षक गणेश वहादुर चन्दले बताए । बिष्फोटको उक्त घटनाले स्थानीयमा भय र त्रास बढेर गएको स्थानीयको भनाई रहेको पाइयो ।

**त्यसैगरि सिरहाकै** लहान नपा७ स्थित एक सुनचाँदी पसलमा ०७४ चैत १० गते दिउँसो अपरिचित व्यक्तिहरुद्वारा शक्तिशाली बम बिष्फोट गराईएको प्रहरीले जनायो । बम बिष्फोटबाट सात वर्षीय एक बालक सहित सात जना गंभीर घाईते भए । जसमा तीनजना पसलमा आएका ग्राहक महिलाहरु समेत थिए । घटनाको बारेमा अनुसन्धान भईरहेको प्रहरीले जनायो । पसलका संचालन बिकास शारडाका अनुसार शसस्त्र समूहको नामबाट चन्दाको माँग भएको र आफूले माँग अनुसारको चन्दा दिन नसक्ने जनाएको केही दिनपछि उक्त घटना भएको बताए । घटनाको बिरोधमा उधोग बाणिज्य संघ लहानले सोही दिन साँझ र चैत ११ गते पसल तथा कलकारखानाहरु बन्द आह्वान गऱ्यो । घटनाको स्थानीय मानवअधिकारकर्मी र संचारकर्मीहरुले पनि विरोध जनाउँदै निष्पक्ष छानवीन गरि दोषीमाथि कडा कारवाही गर्न माँग गरे ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

नवलपरासीको पालिहनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्तालाई फोन मार्फत बारम्वार ज्यान मार्ने धम्की आएको जनाउँदै ०७४ माघ १७ गते जिल्ला प्रशासन कार्यालय मार्फत सुरक्षाको माँग गरेका छन् । त्यसैगरि कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका-३ स्थित वडा कार्यालयमा कश्यप गुप्रको नामबाट स्थानीय तहका जनप्रतिनिधीहरुलाई तत्काल राजीनामा दिन धम्कि दिदै पर्चा पम्पलेट टाँसेको पाईयो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

---

## २ - सामाजिकएकता/तनाव:

**बिगत प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा सातवटै प्रदेशहरुमा सामाजिक हिंसा र तनावका मुद्दाहरु सार्वजनिक जानकारीमा आएको पाईयो । महिलामाथिको हिंसा अन्तर्गत बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार, बहुविवाह, बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा लगायतका सवालमा हिंसा र तनावका घटनाहरु बढदो रुपमा रह्यो । यसले महिला र बालिकामाथिको बढदो असुरक्षालाई समेत उजागर गरेको छ । केही ठाउँमा भने महिला र बालिकामाथिको हिंसाका घटना रोक्नका स्थानीय प्रशासन र निर्वाचित जनप्रतिनिधिहरुबाट सकारात्मक प्रयास समेत भएको पाईएको छ ।** *(तलको बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाईसंवेदनशीलताको हिसावले गोप्य राखिएको छ । )*

इलाममा २८ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा माङसेबुङ गाउँपालिका-३ का ६४ वर्षीय लोकेन्द्र राईलाई फागुन ८ गते प्रहरीले गिरफ्तार गऱ्यो । आरोपितले फागुन ३ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ८ गते जिल्ला अस्पताल इलाममा भएको प्रहरीले जनायो ।इलामकै एक सुस्त मनस्थितीकी १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा आठराई गाउँपालिका-४ स्थित ईवाका चारजनालाई प्रहरीले ०७४ फागुन १६ गते गिरफ्तार गऱ्यो ।जसमा ७२ वर्षीय महनही कन्दङ्वा, ४१ वर्षीय छबिलाल लामगादे, ४५ वर्षीय दिलबहादुर भुसाल र ४६ वर्षीय योगेन्द्र भुजेललाई गिरफ्तार गरिएको इलाका प्रहरी चौकी सक्रान्तिले जनायो ।पीडित बालिकाको फागुन १८ गते जिल्ला अस्पताल तेह्रथुममा स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो ।त्यसैगरि सुनसरीमा १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा सोही जिल्लाको बराहा नपा ८ स्थायी घर भई बेलका नपा-९ रामपुरमा बसोबास गर्दै आएका ६२ वर्षीय सुडिलाल चौधरीलाई ०७४ फागुन २५ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले सोही दिन बलात्कार गरेको भनि पीडित पक्षले प्रहरीमा दिएको उजुरीका आधारमा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयकाप्रहरी निरीक्षक मानप्रसाद श्रेष्ठले बताए । पीडितको फागुन २६ गते जिल्ला अस्पताल बोक्सेमा स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

सिरहाको बेतहा खोरियाटोलकी ३६ वर्षीया रितादेवी दासलाई मजदुरी गरेर घर फर्किरहेको अवस्थामा ०७४ पुष २१ गते बोक्सीको आरोपमा छिमेकीले कुटपिट गरे । कुटपिटबाट घाइते भएकी पीडितको लहानस्थित रामकुमार उमा प्रसाद मुरारका स्मारक अस्पतालमा उपचार गरिएको प्रहरीले जनायो । कुटपिटबाट पीडित दासको पाखुरा, पिठयुँ, ढाडलगायत शरीरका विभिन्न भागमा चोट लागेको छ । घर बनाउने काममा मजदुरी गर्दै आएकी रितालाई छिमेकी इनरदेवी दास र उनकी छोरी नीलमले बोक्सीको आरोप लगाउँदै कुटपिट गरेका थिए । पीडितको उजुरीपछि आरोपित दुवैजनालाई गिरफ्तार गरि आवश्यक कारवाही अगाडि बढाईएको इलाका प्रहरी कार्यालय लहानका नायव प्रहरी उपरीक्षक गणेश वहादुर चन्दले बताए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

दाङ्गको राजपुर गाउँपालिका ७ की ३५ वर्षीया सुशीला कवरलाई कथित बोक्सीको अरोपमा छिमेकीहरूले फागुन १८ गते साँझ कुटपिट गरे । स्थानीय इन्द्रबहादुर भण्डारीको नेतृत्वमा गएका पूर्णबहादुर बस्नेत, खोपबहादुर नेपाली, धनबहादुर कवर, लक्ष्मी कवर, हर्कबहादुर कवर र मनोज कवरले कुटपिट गरेको पीडितले बताईन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

५० वर्षीय महिलालाई भगवानपुर गाउँपारिलका-२ का ३५ वर्षीय रामनाथ यादवले ०७४ पुस २६ गते बिहान बलात्कारको प्रयास गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा सोही दिन उजुरी दिए । पीडित महिलाको सोही दिन

लहानस्थित रामकुमार उमा प्रसाद मुरारका स्मारक अस्पतालमा स्वास्थ्य परीक्षण भएको र घटनाको अनुसन्धान भईरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी गणेश चन्दले बताए ।

१५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा महदेव गाउँपालिका ५ का २० वर्षीय शंकरकुमार खंग विरुद्ध जिल्ला प्रहरी कार्यालय सप्तरीमा फागुन ३० गते उजुरी दर्ता गरिएको छ । पीडित बालिकालाई आरोपितले फागुन १९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २० गते उजुरी दिएको थियो । पीडित बालिकाको स्वास्थ्य परिक्षण राजविराजस्थित गजेन्द्र नारायण सिंह सगरमाथा अंचल स्पतालमा फागुन २० गते नै गरिएको थियो । आरोपित फरार रहेकोले खोजी कार्य जारी रहेको प्रहरीले जनायो ।

११ वर्षीया बालिकलाई बलत्कार गरेको आरोपमा महदेवा गाउँपालिका-२ का ५० वर्षीय रामसुन्दर राउतलाई प्रहरीले माघ २२ गते गिरफतार गरेको छ । पीडीत बालिकालाई आरोपितले माघ ८ गते बलात्कार गरेको आरोपमा उजरी परेकोले अनुसन्धानका लागि गिरफतार गरिएको जिल्ला प्रहरी कार्यालयमा डिएसपी ध्रुबकुमार श्रेष्ठले बताए । पिडितका बुवाले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा हुलिया उजुरी दिएपछि पिडित बालिकाको स्वास्थ्य परिक्षण सोही दिन गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा गरिएको थियो ।

विगत केही महिनायता सप्तरी जिल्लामा बलात्कारसहित यौनजन्य घटनाहरु बढिरहँदा राजविराजमा महिलाहरुले त्यस विरुद्ध ०७४ चैत १२ गते राजविराजमा प्रदर्शन गरेका छन् । महिला मानव अधिकार रक्षक संन्जाल सप्तरीद्वारा महिलामाथिको बढदो यौनजन्य हिंसा विरुद्ध खबरदारी ऱ्याली आयोजना गरिएको हो । महिलामाथि हुने हिंसाजन्य घटनाहरुमा राजनीतिक दवाव, पहुँच र अदालतको आदेशमा अभियुक्त रिहा हुने गरेको भन्दै महिलाहरुले खबरदारी स्वरुप प्रदर्शन गरेका हुन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

अर्घाखाँचीमा १८ वर्षीया एक युवतीलाई ०७४ माघ ६ गते सामूहिक बलात्कार गरेको अरोपमा प्रहरीले प्युठान जिल्ला खर्वाङ्गका २१ वर्षीय टेकमान घम, सोही ठाउँका १९ वर्षीय अजय विक र तारा पुनमगरलाई माघ १२ गते गिरफ्तार गऱ्यो । आरोपितहरुलाई कानुन अनुसार कारवाही गरिने प्रहरीले जनायो ।

रुपन्देहीमा चार वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सैनामैना नपा-१ का ३१ वर्षीय धनबहादुर विकलाई ०७४ माघ १५ गते गिरफ्तार गर्‍यो । आरोपितले माघ १४ गते नावालिकामाथि यौनजन्य दूर्ववहार गरेका थिए । त्यसैगरि अर्घाखाँचीमा १८ वर्षीया एक युवतीलाई बलात्कार गरेको आरोपमा मालारानी गाउँपालिका ५ का २३ वर्षीय प्रकाश कुँवरलाई ०७४ माघ २२ गते प्रहरीले गिरफ्तार गऱ्यो । आरोपितले माघ १७ गते बलात्कार गरेको जनाउँदै पीडित पक्षले माघ १९ गते जाहरी दिएका थिए ।

त्यसैगरि नवलपरासीमा ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले पाल्हीनन्दन गाउँपालिका १ का २३ वर्षीय बबुन्न चौधरीलाई ०७४ माघ २२ गते गिरफ्तार गऱ्यो । आरोपितले माघ २० गते युवतीलाई जर्वजस्ती बलात्कार गरेका थिए ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

१३ वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले मेलौली नगरपालिका ३ सलेनाका २५ वर्षीय धनसिंह भाटलाई ०७५ चैत २३ गते प्रहरीले गिरफ्तार गरेको छ । पीडित पक्षका अनुसार चैत ८ गते आरोपितले नावालिकामाथि यौन दुर्व्यवहार गरेका थिए । पीडित पक्षको उजुरीपछि चैत २३ गते जिल्ला अस्पताल बैतडीमा स्वास्थ्य परीक्षण गरिएको अस्पतालका चिकीत्सकले बताए ।

बैतडि जिल्लाको पुर्चौडी नपा १ कि १६ वर्षीय डम्मरा भट्टलाई बलात्कारपछि हत्या गरेको आरोपमा पुर्चौडि नपा १ हाटका २६ वर्षीय उमेश जोशीलाई ०७५ फागुन १८ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित वालिकालाई सोही दिन आरोपितको घरमा भुण्डिएको अवस्थामा भेटिएको र उनको बलात्कारपछि हत्या गरि भुण्डयाईएको हुन सक्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र बहादुर सिंहले बताए ।

सात वर्षीया र आठ वर्षीया दुई बालिकालाई बलात्कार गरेको आरोपमा भीमदत्त नपा १० का २६ वर्षीय किसनाथलाई प्रहरीको एक टोलीले ०७४ चैत २२ गते गिरफ्तार गऱ्यो । दुवै वालिकालाई चैत २१ गते बलात्कार गरेको पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई अनुसन्धानका लागि गिरफ्तार गरिएको प्रहरीले जनायो । दुवै पीडितको जिल्ला अस्पतालमा चैत २१ गते नै स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो ।

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले महाकाली नपा ४ का २८ वर्षीय ललित पन्तलाई ०७४ चैत १७ गते गिरफ्तार गऱ्यो । पीडितलाई सोही दिन बलात्कार गरेको पीडित पक्षको उजुरीका आधारमा गिरफ्तार गरिएको प्रहरीले जनायो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)

सुर्खेतको गुर्भाकोट नगरपालिका १ कि १५ वर्षीया निरुता विकले विष सेवन गरिन् । विष सेवनबाट उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनायो । विभिन्न मनोसामाजिक समस्याका कारण यस जिल्लामा आत्महत्या गर्नेहरुको संख्या बर्षेनी रुपमा बढदो छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार सुर्खेत जिल्लामा गत चार बर्षमा आत्महत्या गर्नेको संख्या १२९ रहेको छ ।विभिन्न सामाजिक कुरीति, रुढीवादी संस्कृति र आर्थिक समस्याका कारण आत्महत्या बढदो रुपमा

रहेको र यसको रोकथाम र नियन्त्रणका लागि यही ०७४ चैत ७ गतेदेखि प्रहरीले सक्रियता बढाएको प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकाकै ४ नं. वडामा बालविवाह गर्नेलाई ०७५ फागुन १ गतेदेखि वडाको सेवाबाट वञ्चित गर्ने निर्णय भएको साझा बिसौनी दैनिकमा उल्लेख छ । त्यसैगरि समीक्षा अवधीमा नेकपा एमाले, माओवादी केन्द्र र नेपाली काँग्रेस सम्वद्ध विद्यार्थी संगठनहरुले छाउपडी विरुद्धविद्यार्थीहरुलेसंयुक्तरुपमा जनचेतनामूलक अभियान गर्ने भएका छन् । कर्णाली प्रदेशमा कायम रहेको छाउपडी प्रथा सामाजिक कुरीतिको रुपमा रहेकोले यसलाई उन्मूलन गर्नुपर्ने भन्दै उनीहरुले विभिन्न अभिमुखीकरण तथा रचनात्मक कार्यक्रमको आयोजना गर्न थालेको ०७५ माघ २० गते प्रकाशित साझा बिसौनीमा उल्लेख छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

---

**यस अवधिमा प्राप्त भएका प्रतिवेदनलाई हेर्दा महिलालाई भारत लगायत अन्य बिभिन्न देशहरुमा राम्रो जागीर लगाईदिने प्रलोभनमा पारि बेचविखनको लागि लैजाने क्रम अझै रोकिएको छैन । यसैक्रममा बाहिरी मुलुकका लागि अवैद्य रुपबाट लैजान खोजिएका युवतीहरुको उद्धार र मानव वेचविखनमा संलग्न केही व्यक्तिहरुलाई गिरफ्तार गरि कारवाही गरिएका घटनाहरु यस अवधिमा पनि सार्वजनिक जानकारीमा आएको पाईयो ।**

बाँके नेपालगञ्ज नाका भएर भारतको दिल्ली हुँदै खाडी मुलुक लैजान लागिएका चारजना महिलाको प्रहरीले ०७४ पुस २६ गते उद्धार गरेको छ । रूपन्देहीको बेलहिया नाकाबाट एक जना ३४ वर्षीया, एकजना ४० वर्षीया र दुईजना ४५ वर्षीया महिलाहरूलाई राम्रो जागिर लगाईदिने प्रलोभन देखाई भारतको बाटो हुँदै दुबई र कुवेत लैजाँदै गरेको अवस्थामा एक जना आरोपितलाई गिरफ्तार गर्नुका साथै महिलाहरुको उद्धार गरिएको प्रहरीले जनायो ।

राम्रो जागिर लगाईदिने प्रलोभन देखाई रूपन्देहीको बेलहिया नाकाबाट ०७५ चैत्र ३ गते भारतको बाटो हुँदै कुवेत र ओमन लैजान लागिएका २१ वर्षीया र ४४ वर्षीया दुई जना महिलाहरुलाई प्रहरीले उद्धार गरेको छ । उक्त घटनाका तीन जना आरोपीतहरु फरार रहेको प्रहरीले जनाएको छ ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**यस अवधिमा नीजि अस्पतालहरुमा कार्यरत नर्सहरुमाथि अस्पतालका संचालकले धेरै समयमा काममा लगाउने तर श्रमको उचित पारिश्रमिक नदिने लगायत सुरक्षा सुनौतीका विषयहरुलाई समेत समेटदै नर्सहरुको संगठन नेपाल नर्सिङ्ग संधले पेशागत हित र संरक्षणका सवालमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गरायो ।**

नर्सहरुको संगठित संस्था नेपाल नर्सिङ् संघले नर्सहरुलाई निजी अस्पतालहरुले अत्यधिक शोषण गर्दै आएको, बर्षौसम्म तलब वृद्धि नगर्ने, न्यून तलबमा काम गर्नुपर्ने, खाजा खाने समय नदिने, जोखिम भत्ता व्यवस्था नराख्ने, रात्रीकालीन सेवा सुविधा तथा विदा लगायतका सुविधा दिनुपर्ने माँग राख्दै सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छन् । नेपाल नर्सिङ् संघकी उपाध्यक्ष गंगा थापाले निजी अस्पताल तथा स्वास्थ्य संस्थाका नर्सहरुले जागिरको असुरक्षाको डरले संस्थाले दिने सेवासुविध वारे खुलेर बोल्न नसक्दा गलत प्रवत्तिले प्रश्रय पाउँदै गएको जनाईन् ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**यस अवधिमा पनि गाई र गोरु काटन पाईने कि नपाईने भन्ने बिषयको बिबादले कतिपय स्थानहरुमा तनाव सृजना गरेको पाईयो । प्रदेश नं. १ को पाँचथरमा गोरु काटेको अरोपमा ६ जनालाई गिरफ्तार गरि कारवाही समेत गरिएको प्रहरीले जनायो ।**

पाँचथरको फिदिम नपा-४ स्थित देउकुमार तामाङको घरमा गोरु काटिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले०७४ चैत १६ गते राती १० बजेतिर ६ जनालाई गिरफ्तार गर्‍यो । गिरफ्तार हुनेहरुमाफिदिम नपा-४ सालघारीका ३४ वर्षीय देउकुमार तामाङ, ३३ वर्षीय सन्तबहादुर तामाङ, ५१ वर्षीय विर्खबहादुर तामाङ, २६ वर्षीय सुजन तामाङ, २८ वर्षीय राजकुमार राई र स्याङजा घर भई हाल फिदिम नपा-९ लुम्फाबुङ बस्ने ३७ वर्षीय सुशिल विश्वकर्मा रहेका छन् । आरोपितहरुलाई कानुन बमोजिम कारवाही हुने सो प्रहरी कार्यालयले जनायो । गिरफ्तारीको बिरोधमा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परीषद पाँचथरले बिज्ञप्ती जारी गरि विरोध जनाउँदै गिरफ्तार गरिएका सवैलाई रिहाई गर्न माँग गर्‍यो ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**नेपाल र भारतको सिमा क्षेत्रमा खुल्ला रुपमा मदिराजन्य पदार्थको बिक्री र भारतीय क्षेत्रबाट हुने लागुऔषध ओसार पसार जस्ता कारणले यस अवधिमा पनि सिमावर्ती ठाउँहरु बिकृतीपूर्ण स्थान बन्दै गएकोमा स्थानीयले चिन्ता जनाउने गरेको पाईयो ।**

नवालपरासी लगायत वरपरका जिल्लाको सीमावर्ती क्षेत्रमा मदिराजन्य पदार्थहरु नियम विपरीत खुल्ला रुपमा बिक्री बितरण हुने गरेको छ । मदिराका सेवनका लागि परासीका सर्वसाधारणदेखि भारतीय व्यक्तिहरुको पनि निकै भीड लाग्ने गरेको छ ।भारतमा खुल्ला विक्री वितरण र सेवन गर्न नपाईने नियम भएकाले त्यताका सेवनकर्ताहरु पनि नेपाल आउने गरेका छन्

। मदिरा बेचबिखनका लागि सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्ने भए पनि बिनास्वीकृति दिनहुँ लाखौंको मदिरा बिक्री हुँदै आएको छ।त्यसैगरि दुर्व्यसनमा फँसेका नेपाली युवा सीमापारि लागूऔषध किनबेच र सेवनकै लागि पुग्ने गरेका छन्। मदिरा सेवनको जाँच गर्न मिल्ने भए पनि लागूऔषध प्रयोग गरेको छ/छैन भनेर जाँच गर्ने प्रविधि नेपाली सुरक्षाकर्मीसँग छैन। यसैले पनि सीमामा दुर्व्यसनी बढेको प्रहरीको दाबी छ ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

## ३. राजनीतिक तनाव / परिचालन

**यस त्रैमासिक अवधिमा प्रदेशको राजधानी तोक्ने बिषय सवैभन्दा गहन भएको पाईयो । पूर्व प्रधानमन्त्री शेरवहादुर देउवाले प्रदेशको अस्थायी राजधानी तोक्ने निर्णय पश्चात कतिपय प्रदेशमा बिरोध र समर्थनका गतिविधिहरु भए । विरगंज लगायतका स्थानमा धर्ना र अनसन समेत बसेको पाईयो । केही स्थानमा भने नामाङ्कनकै विषयमा समेत तीव्र विवाद हुने अवस्था देखा परेको प्राप्त प्रतिवेदनमा उल्लेख छ । प्रदेश नम्वर ६ मा भने केन्द्र रनामको विवाद समाधान भएको पाईयो ।**

प्रदेश नं. ४ को नाम के राख्ने भन्ने बिषय यसवेला प्रदेशकै चासो र चर्चाको विषय बनेको छ । प्रदेशको नामको लागि राजनीतिक दलहरु, नागरिक समाज, पेशाकर्मी तथा बिभिन्न जातिय संलगठ लगायतका क्षेत्रका व्यक्तिहरुले फरक फरक नामहरु अघि सार्दै बिरोध र समर्थन गरिरहेका छन् । यसवेला गण्डक, गोरखा र तमुवान प्रदेशको नामाकरणका लागि बढी चर्चाको नाम बन्न पुगेको छ । प्रदेश नं. ४ का मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले सबैको सहमतिमै नाम टुंगो गरिने बताउँदै आएका छन्। उनले नामकै कारण कुनै विवाद उठ्नु नहनुने र सवैले बिचार गरेर एक मतका आधारमा निष्कर्षमा पुग्नुपर्ने जनाएका छन् । संविधानको धारा २९५ को उपधारा २ मा प्रदेशको नामाकरण प्रदेशसभाको दुई तिहाइ बहुमतबाट हुने व्यवस्था छ । (त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४ )

प्रदेश नम्बर २ को अस्थायी राजधानी जनकपुरमा बसेको पहिलो बैठकमा दवाव दिन ०७४ माघ २२ गते गरिएको बिरगंज बन्दको आव्हानले जनजीवन प्रभावित भएको छ । बन्दको अवज्ञा गरेको भन्दै बन्द समर्थकहरुले समान्य तोडफोड गरेका थिए । बन्दलाई सफल बनाउन बन्द आव्हानकर्ताहरुले दिनभरि नै प्रदर्शन गरे । विहानै देखी विभिन्न चोकहरुमा टायर बालेर प्रदर्शनकारीहरुले बिरोध जनाए । सोही क्रममा विरामी बोकेको ना. ३ च ३२९३ नम्बरको सुजुकी कारमा बन्दकर्ताहरुले विहानै तोडफोड गर्न खोजे भने घण्टाघरमा बी आर ०५ पीए ३०४० नम्बरको भारतीय स्कारपियो गाडिमा तोडफोड गरे । विरगंज राजधानी सघर्ष समितीले प्रादेशिक राजधानी वीरगञ्ज हुनुपर्ने माँग राख्दै विगत ३२ दिनदेखी रिले अनशन गर्दै आएका थिए ।

प्रदेश नम्बर पाँचको राजधानी दाङमा हुनुपर्ने माँग गर्दै सो जिल्लाका नागरिकहरुले गरेको आन्दोलनले यस अवधिमा केही दिन दाङ ठप्प बन्न पुग्यो । सरकारले दाङ बाहेकको स्थानलाई प्रदेशको अस्थायी मुकाम तोक्ने तयारी गरिरहेको भन्ने जानकारी पाएपछि बिरोध स्वरुप स्थानीयहरु सडकमा उत्रिएका थिए । उनीहरूले पुस १२ गतेदेखि अनिश्चितकालीन बन्दको आह्वान समेत गरे । बन्दका कारण दाङको यातायात, शिक्षण संस्था, बजार, उद्योगधन्दा सबै ठप्प रहनुका साथै प्रमुख व्यापारिक केन्द्र तुलसीपुरमा गरिएको बन्दले राप्तीका पहाडी दुई जिल्लाको आवागमन ठप्प बन्न पुग्यो । सरकारले प्रदेश नं. ५ को अस्थायी मुकाम रुपन्देही तोकेपछि दाङलाई नै राजधानी कायम गरिनुपर्ने माँग सहित दाङका महिलाहरुले विरोध स्वरुप रित्तो थालसहित माघ ६ गते सडकमा रयाली प्रदर्शन गरे । सोही क्रममा समाचार संकलनमा रहेका संचारकर्मीमाथि समेत प्रदर्शनकारीहरुले दुर्व्यवहार गर्नुका साथै उनीहरुको सवारी साधनमा समेत तोडफोड गरि क्षति पुर्‍याए ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

नयाँ संविधानले कोरेको नक्शामा प्रदेश नं. ६ को राजधानी कहाँ हुने भनि विवाद भईरहेको वेला बाम गठबन्धनको बहुमत रहेको प्रदेश नं. ६ को ०७४ फागुन १२ मा सम्पन्न प्रदेश सभाले यस प्रदेशको नाम कर्णाली र स्थायी राजधानी सुर्खेतको वीरेन्द्रनगर घोषणा गर्‍यो । यसले गर्दा उक्त प्रदेशमा हुनसक्ने प्रदेशको नाम र राजधानीको विवादलाई टुंगो लगाईदिएको छ ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**यस अवधिमा नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा माओबादीका कार्यकर्ताहरुबाट बिभिन्न ठाउँमा भएको बन्द आह्वानका कारण यातायात, शिक्षण संस्था, कल कारखाना र बजारहरु ठप्प पार्नुका साथै जनजीवन प्रभावित भयो । केही स्थानहरुमा यातायातका साधन लगायत व्यक्तिगत सम्पत्तिमाथि तोडफोड गर्नुका साथै एनसेलको टावरहरुमा बिष्फोट गरि क्षति पुरयाए । यसैक्रममा उक्त संगठनका केही नेता तथा कार्यकमहरुलाई प्रहरीले गिरफ्तार समेत गरेको सार्वजनिक जानकारीमा आयो ।**

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले ०७४ फागुन ७ गते आव्हान गरेको नेपाल बन्दका कारण ताप्लेजुङ पूर्ण रुपमा प्रभावित भयो । सो संगठनका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली ‘सुदर्शन’ र पेलिटब्यूरो सदस्य पदम राई ‘विकास’ लाई फाल्गुन ६ गते राष्ट्रिय युवा जनस्वयम सेवकको महाधिवेशनमा जाँदा विराटनगरबाट प्रहरीले गिरफ्तार गरेको विरोधमा बन्द आह्वान गरेको सो संगठनले जनायो ।

सोही संगठनको कोशी ब्युरोले ०७४ चैत ११ गते आव्हान गरेको कोशी बन्दको कारण पूर्वको जनजीवन ठप्प भएको छ । संगठनका केन्द्रीय सदस्य तथा कोशी ब्युरो इन्चार्ज किरण राई लगायत जिल्ला इन्चार्जको गिरफ्तारी विरूद्ध कोशी बन्दको

आह्वान गरेको सो संगठनले जनायो । बन्दकै क्रममा सुनसरीको धरानस्थित भानुचोकमा, मोरङको पथरी, शनिश्चरे र उर्लाबारीमा पनि बम फेला परेको प्रहरीले जनायो । बेवारिसे रुपमा राखिएका उक्त बमलाई नेपाली सेनाको डिस्पोजल टोलीले बम निस्कृय पारेको थियो ।

इलाम नपा-१ स्थित साखेजुङमा रहेको एनसेलको टावरमा ०७४ चैत १५ गते आगजनी गराएको आशङ्कामा स्थानीय दुई युवालाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो । जसमा किरात मुक्ति मोर्चा इलामका अध्यक्ष विशाल राई र सोही संगठनका विमल राई रहेको र उनीहरुमाथि आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनायो । त्यसैगरि झापाको बुद्धशान्ति गाउँपालिकामा रहेको एनसेल टावरमा चैत १६ गते दिउँसो अपरिचित व्यक्तिहरुको समूहले आगजनी गरि क्षति पुरयाए । आगजनी गरेको आरोपमा प्रहरीले मेची अञ्चल ब्यूरो सदस्य ५८ वर्षीय दीपक लकान्द्री र बुद्धशान्ति गाउँपालिकाका सेक्रेटरी दीपक कुरुम्वाङलाई गिरफ्तार गरि अनुसन्धान गरिरहेको जनायो । इलाका प्रहरी कार्यालय बुद्धशान्तिका प्रहरी सहायक निरीक्षक पदमसुन्दर लिम्बूका अनुसार आगजनीबाट एउटा जेनरेटर र टावरमा रहेको तार जलेर नष्ट भएको थियो ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

विप्लव नेतृत्वको नेकपाले फागुन ८ गते आह्वान गरेको नेपाल बन्दले पाँच नम्बर प्रदेशका अधिकांश जिल्ला प्रभावित हुन पुग्यो । बन्दकर्ताहरुले सो दिन पाल्पाको तानसेनमा बम विष्फोट समेत गराएका थिए । बन्दका कारण बिहानैदेखि पूर्वपश्चिम राजमार्गमा सवारी साधनहरु ठप्प रह्यो। त्यसैवीच दागंको राप्ती गाउँपालिका २ सिसहनीया निवासी नेपाल कम्युनिष्ट पार्टी दाङका सेक्रेटरी ३९ वर्षीय यामलाल पुजारी, सोही ठाउँका दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष २९ वर्षीय सुरज परियार र तथा गढवा गाउँपालिका ४ निवासी सोही पार्टीका गढवा गाउँपालिकाका सेक्रेटरी २८ वर्षीय ओमप्रकाश चौधरीलाई ०७५ फागुन ११ गते प्रहरीले घोराहीबाट गिरफ्तार गरेको प्रहरीले जनायो । उक्त संगठनका कार्यकर्ताहरुले एनसेलको विभिन्न ठाउँमा रहेका टावरमा आगजनी गरि क्षति पुरयाए । राज्यलाई पूँजीगत लाभकर नतिर्ने कम्पनीको भण्डाफोर गर्न आगजनी गरिएको सो संगठनले जनायो । पांच नम्बर प्रदेशका रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, नवलपरासी, रोल्पा लगायतका स्थानमा एनसेनलको टावरमा आग्जनीका साथै बम बिस्फोट गराएका छन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

सबै तहको निर्वाचन बहिष्कार गरेको नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूहले) निर्वाचित यस प्रदेशका सबै जिल्लाका स्थानीय जनप्रतिनिधिहरुलाई राजीनामा दिन आग्रह गर्दै पत्र पठाएपछि यसले तरंग पैदा गरेको छ । भूमिगत समूहले धम्कीपूर्ण भाषामा पत्र काटेपछि जनप्रतिनिधिहरु असुरक्षित हुनुका साथै भयभित समेत हुन थालेका छन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

## ४. स्रोत-साधनमाथिको द्वन्द्व

**यस त्रैमासिक अवधिमा प्राप्त प्रतिवेदनका आधारमा कतिपय स्थानहरुमा भईरहेका बिकास निर्माणका कार्यहरु मापदण्ड अनुरुप नभएका र गुणस्तरहीन भएको जनाउँदै स्थानीय तहका जनप्रतिनिधिहरुले नै निर्माण गरिएको कामको छानवीन र कारवाही गरिनुपर्ने आवाज उठाएको पाईयो । केही स्थानमा भने खोलानाला र नदीहरुबाट गिट्टी, बालुवा, ढुङ्गा लगायतका स्रोतहरु मापदण्ड विपरीत निकाल्ने कार्यमा जनप्रतिनिधिहरु नै सहयोगी भएको भएका समाचारहरु समेत सार्वजनिक भए । केही स्थानमा भने स्थानीय स्रोत (गिट्टी, बालुवा, ढुङ्गा) निकाल्ने बिषयमा झडपनै भएका घटनाहरु पनि सार्वजनिक भए । खोला नालामा भएका उत्खनन र उच्च दोहनले आउँदा दिनमा बाढी पहिरोको खतरा बढने भनि कतिपय स्थानमा स्थानीयलाई चिन्तित समेत बनाउने गरेको छ । केही ठाउँमा ठेक्का कसले लगाउने र कर कसले उठाउने भने स्थानीय तह र जिल्ला समन्वय समितिवीच पनि विवाद सृजना भएको पाईयो ।**

इलाममा २८ करोड रुपैयाँको लगानीमा निर्माणाधीन सडकको काम 'गुणस्तरहीन' भएको जनाउँदै स्थानीय तहका जनप्रतिनिधिले विरोध जनाएका छन् । ठूलो रकम खर्चेर करिव १९ किलोमिटरको फिक्कल-गुप्ती-नयाँबजार तथा इलाम नगरपालिका-दुधाङ-सोयाङ-नयाँबजारका बेग्लाबेग्लै दुई सडक निर्माण गर्न थालिएकोमा व्यापक लापरबाही भएको जनप्रतिनिधिहरु सम्मिलित अनुगमन टोलीले ठहर गरेको छ । दुवै सडकमा स्टिमेटअनुसार काम नभएको, स्टिमेटमा भएअनुसार मापदण्ड पूरा नगरी सामग्री प्रयोग गरिरहेको, तोकिएको स्थानभन्दा जताततै खनेको र काम गरिनसक्दै सडक भत्किन थालेको उनीहरूले जनाएका छन् ।सूर्योदय नगरपालिकाको फिक्कलदेखि माइजोगमाई गाउँपालिकाको नयाँबजार जोड्ने निर्माणाधीन फिक्कल-गुप्ती-नयाँबजार सडकमा जहाँतही खनिएको, सिमेन्ट प्रयोग भएका ठाउँमा क्युरिङ नगरेको, बनिसकेको सडक समेत काम पूरा नहुँदै भत्किन थालेको सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राईले बताए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

स्थानीय निकायको जनप्रतिनिधिकै सक्रियतामा ललितपुरको गोदावरी नगरपालिका-८ डुकुछापस्थित बाग्मती नदीको किनार कटान गरेर धमाधम बालुवा तथा ढुंगा गिट्टी निकासी भइरहेको छ । वडाध्यक्ष सुकवहादुर लामा, स्थानीय दिनेश लामा, सञ्जीव अधिकारी लगायतको टोलीले नदीको बहाव फर्काएर अवैध रुपमा बालुवा तस्करी गरिरहेको हो । उक्त वालुवाखानी सरकारी निकायमा दर्ता नै नगरी लाखौंको राजश्व पनि छली भैरहेको छ । नगरपालिकाका मेयरले गजेन्द्र महर्जनले पनि त्यस खानी अवैध रहेको पुष्टि गरे । महर्जनले भने, 'हामीले कसैलाई पनि त्यस्तो खानी संचालन गर्न अनुमति दिएका छैनौं ।'

दोलखाको तामाकोशी किनारबाट स्थानीयले आफूखुशी ढुङ्गा गिट्टी निस्कासन गर्ने कार्य रोक्ने प्रयासको क्रममा ०७४ चैत ८ गते प्रहरीसँग स्थानीयको झडप भयो । स्थानीय माझी समुदायले बाढीले बगाएर ल्याएको खानीबाट आफूहरुले ढुङ्गा गिट्टी निस्कासन गर्न पाउनुपर्ने दावी गरे भने प्रहरीले यसरी प्रकृतिक स्रोतको जथाभावी दोहन गर्नु अवैध भएको भन्दै दोहन रोकेको छ । प्रहरीले स्थानीय १२ जनालाई पक्राउ गरेकामा पछि त्यस्तो कार्य नदोहोर्‍याउने शर्त गराई रिहा गरेको थियो ।

बढ्दो गैरकानुनी ढंगागिट्टी उत्खननले त्रिशुली नदी नै प्रदुषित भएको छ । पृथ्वी हाइवेवरपर त्रिशीली नदी किनारमा झण्डै चार दर्जन त्यस्ता गैरकानुनी खानी संचालित छन् । यी खानीबाट निस्किने फोहोरबाट नदी बर्षैभरि प्रदुषित छ । ललितपुरजस्तो धादिङ्मा पनि स्थानीय जनप्रतिनिधि तथा राज्यका विभिन्न निकायको संरक्षणमा प्राकृतिक स्रोतको दोहन भैरहेको त्रिशूल बचाउ अभियानका संयोजन श्रबण त्रिपाठीको दावी छ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

नवलपरासीको विनयी त्रिवेणी गाउँपालिकामा गिटी बालुवाको ठेक्का आफूहरूले एक्लै लिन नपाएको भन्दै स्थानीय युवाको समूहले गाउँपालिकाको कार्यालयमा तोडफोड गरेका छन्। सो समूहले ०७५ माघ १९ गते बिहान कार्यालय खुलेलगत्तै नाराबाजी गर्दै कार्यालयमा पुगेपछि ढुंगा हानेर झयालका सिसा फुटाएका हुन्। विनयी खोलाको विभिन्न ६ खण्डको गिटी, बालुवा ठेक्काका लागि गाउँपालिकाले गत मंसिर १९ मा सूचना निकालेको थियो। सबै गरी १ करोड ५० लाखमा बढाबढ हुने गरी आह्वान गरिएको टेन्डर फर्म १ सय २२ वटा बिक्री भएको थियो। टेन्डर बुझाउने अन्तिम म्याद माघ १८ गते कार्यालय समयमा र १९ को दिउँसो १२ बजे सम्मलाई तोकिएको थियो। गाउँपालिकाले खोलेको टेन्डर चितवन भरतपुरका मुसे भनिने वचन कार्कीले बिहीबारै बुझाएका थिए। जिल्ला बाहिरको व्यक्तिले फर्म बुझाएको र आफूहरूले एकलौटी गर्न नपाएको भन्दै स्थानीयले कार्यालय तोडफोड गरेका हुन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

देश संघीयतामा गए संगै रुपन्देही जिल्लामा प्राकृतिक श्रोत साधनको स्वामित्वको विषयमा बिभिन्न प्रकारका शंका उपशंकाहरु पैदा भएका छन् । हालको कानुनी प्रावधान स्थानीय सरकार संचालन ऐन अनुसार नदी जन्य श्रोत साधनहरुको स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने देखिएकोले सो विषयमा बिभिन्न प्रकारका अन्योलताहरु देखिएका छन् । स्थानीय सरकार संचालन ऐन आउनु पूर्व जिल्ला समन्वय समितिहरुले ढुङ्गा गिट्टी र बालुवाको टेन्डर गर्ने क्रममा समेत स्थानिय तह र जिल्ला समन्वय समितिहरु बिच बिवाद भएको थियो । रुपन्देही जिल्लामा नदीजन्य पदार्थ निकासीमा जिल्ला समन्वय समितिले एकलौटी र मनमानी ढंगले ठेक्का पट्टा गरेको भन्दै जिल्ला समन्वय समिति र स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीहरुवीच विवाद उत्पन्न भएको पाईयो ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

देश नम्वर ५ का बिभिन्न जिल्लाहरुमा गिट्टी, बालुवा र ढुङ्गा अवैध उत्खनन् र निकासीले यस अवधिमा तनाव बढाएको छ। पहाडमा जिल्लाभित्र र तराईबाट भारतमा चोरी पैठारी भईरहेको छ । पहाडी जिल्लाका व्यवसायीले अटेर गर्दै तोकिएको परिणामभन्दा बढी उत्खनन् गरेर बिक्री गरिरहेका छन् । संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ प्रतिकूल हुनेगरी जिल्ला समन्वयय समितिले ठेक्का आह्वान गरेर गिटी बालुवा उत्खनन् थालेका थिए। स्थानीयले टेण्डर प्रक्रिया रोक्न माँग गर्दै उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा रिट दर्ता गरेका थिए। रिटमाथि सुनुवाइ गर्दै रुपन्देही र नवलपरासीका जिल्ला समन्वय समितिलाई उच्च अदालतको बुटवल इजलासबाट साताअघि उत्खनन् रोक्न आदेश दिईएको भएता पनि रोकिएको छैन। प्रदेशका जिल्ला मध्ये नवलपरासीको तुरिया र नारायणीबाट बढी दोहन भइरहेको छ। ठेक्का लगाउन नपाइने नारायणीबाट यस त्रैमासिक अवधिमा सबैभन्दा बढी निकासी भईरहेको छ।  नारायणीको गिट्टी बालुवा परासीकै ठाडी घाटबाट त्रिवेणी नाका हुँदै दिनहुँ भारत गइरहेको स्थानीयको गुनासो छ। वार्षिक १० देखि १२ करोडसम्म टेण्डर हुने बाँकेको राप्ती नदी, मानखोला र मुगुवाखोलाबाट गिट्टी बालुवा निकाल्ने गरिन्छ। यसरी प्रदेशको महत्वपूर्ण नदीमा जिल्ला समन्वय समितिले ठेक्का लगाएको भए पनि नियमित अनुगमन नहुँदा व्यवसायीले सम्झौता भन्दा कैयौं गुणा बढी उत्खनन् र निकासी गर्दै आएका छन् । अधिंकास ठेक्काहरु तोकिए भन्दा कयौ गुण धेरै गिट्टी बालुवा निकाल्ने गरिएता पनि परिणम लुकाउन ठेकेदारहरुले कैयौ ठेली नक्कली रसिदहरु प्रयो गर्ने गरेको स्थानीयले बताएका छन् ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**प्रदेश नं. ४ को पोखरास्थित सार्वजनिक जग्गा अतिक्रमण र प्राकृतिक साधनको दोहन अनियन्त्रित भएको जनाउँदै त्यसलाई रोक्नका लागि एक समितिनै गठन भएको पाईयो भने लमजुङमा जलविद्युत आयोजना र प्रसारण लाईनबाट स्थानीयले विकासमा बाधा पर्नुका साथै बातावरणीय प्रतिकुल असर पर्ने गरेको जनाउँदै विरोध र आन्दोलनमै उत्रिएका छन् ।**

पोखरास्थित प्रदेश सरकारले प्रदेशभित्र सार्वजनिक जग्गा अतिक्रमण र प्राकृतिक स्रोत, साधनको दोहन अत्यधिक र अनियन्त्रित भएको भन्दै त्यसलाई रोक्नका लागि आवश्यक नीति बनाउने, समस्या र समाधानका उपाय समेत खोज्नका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालको संयोजकत्वमा समिति गठन गरियो। गठित समितिमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापा सदस्य र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव सदस्यसचिव तोकिएको छ ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

लमजुङस्थित जलविद्युत् आयोजना र प्रसारण लाइन प्रभावित व्यक्तिहरु २४ बुँदे माँग राखि आन्दोलनमा उत्रिए। माँग पूरा गर्न दबाब दिदै उनीहरूले ०७५ चैत ११ गते बेंसीसहर बजारमा प्रदर्शन गर्नुका साथै जिल्ला प्रशासन कार्यालय घेराउ गरे। जलविद्युत् आयोजनाका प्रभावित तथा पीडित स्थानीयद्वारा गठित एफपीक तथा अधिकार मञ्चले माँग बारे ध्यानाकर्षण गराउन बजारमा प्रदर्शन गर्नुका साथै प्रशासन घेरेका हुन्। उनीहरूले कुनै पनि आयोजना निर्माण गर्नुपूर्व आदिवासी जनजाति तथा स्थानीय जनतासँग स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (एफपीक) गर्न माँग गर्दै आएका छन्। मञ्चका संयोजक खेमजंग गुरुङका अनुसार वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको पूर्ण पाठ सबैले बुझ्ने भाषामा जानकारी गराउनुपर्ने, निर्माण सकेपछि स्थानीयमा पर्ने आंशिक र दीर्घकालीन नकारात्मक प्रभाव र असर न्यूनीकरण गर्ने कार्यक्रम सार्वजनिक गर्नुपर्ने, निर्माण सकेका आयोजनाले १० प्रतिशत पानी नदी तथा खोलामा छोड्नुपर्ने र जलचर तथा जैविक विविधतामाथिको हालसम्म परेको प्रभावको क्षतिपूर्ति दिनुपर्ने माँग अघि सारेका छन् । त्यसैगरिबेरोजगार युवालाई आवश्यक सीप तथा तालिम दिएर रोजगारीको व्यवस्था मिलाउनुपर्ने, बस्ती आसपासमा बिना परामर्श विस्फोटक तथा रासायनिक पदार्थ भण्डारण गर्न नपाइने, विद्युत् प्रसारण लाइनको चुम्बकीय क्षेत्रभित्रको जग्गालाई लगत कट्टा गरी शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने उनीहरुको माँग रहेको छ । त्यस्तै सबै आयोजनामा एम्बुलेन्स, डाक्डरको व्यवस्था हुनुपर्ने, प्रभावित क्षेत्रका स्थानीय र मजदुरहरुको जीवन बिमा हुनुपर्ने, स्थानीयको विकासमा सहयोग गर्नुपर्ने, आयोजनास्थलका धुले सडकमा नियमित पानी राख्नुपर्ने र सडकको नाली काटेर ग्राभेल बनाउनुपर्ने उनीहरुको माँग छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

वीरेन्द्रनगर बजार क्षेत्रमा छरिएर रहेका सुकुम्बासी बस्ती व्यवस्थित गर्न सरोकारवालाले माँग गरेको ०७५ फागुन २४ गतेको साझा बिसौनीमा उल्लेख छ । विशेषगरी सडकछेउमा रहेका यस्ता बस्ती हटाउन नगरपालिकालाई पनि हम्मे हम्मे परेको छ । स्थानीय सरकारले उपयुक्त नीति बनाई समयमै यस्ता बस्तीको व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

## ५. सङ्क्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच

**संक्रमणकालीन न्याय तथा न्यायमाथिको पहुँचको सवालमा बिगतमा झैं यस अवधिमा पनि केही उदाहरणीय चर्चा भएको पाईयो । द्वन्द्वकालीन समयमा मुद्दाहरुलाई सम्बोधन गर्न भनि स्थापना गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरु विरुद्धको अधिकार सम्बन्धी छानवीन आयोगको काम प्रभावकारी हुन नसकेको पीडित परिवारले आरोप लगाउँदै आयोगका पदाधिकारी र कर्मचारीहरुलाई समेत कालो सूचिमा राखेर कारवाही हुनुपर्ने धारणा सार्वजनिक गरे । लामो समयदेखि न्यायको खोजी गर्दै आन्दोलन गरिरहेकी गंगामाया अधिकारीले न्यायका लागि भोक हडताल गर्ने उद्घोष गरिन् ।**

इलामका द्वन्द्व पीडित तथा प्रभावितहरुले दश वर्षे सशस्त्र द्वन्द्वका पीडितहरूले न्याय दिने नाममा सङ्क्रमणकालीन न्याय सम्बन्धी आयोगहरूले वर्षौ बित्दा समेत काम गर्न नसकेको भन्दै काम नगर्ने पदाधिकारी र कर्मचारीहरूलाई कालो सूचीमा राख्नसरकारसँग माँग गरेका छन् । इलाममा०७४ चैत ११ गते आयोजित सङ्क्रमणकालीन न्याय, परिपुरण र स्थानीय सरकार विषयक एक अन्तरक्रिया कार्यक्रमका सहभागी द्वन्द्व पीडितहरूले आफूहरूलाई न्याय दिने नाममा अहिलेसम्म परिणाम नआएको गुनासो गरेका हुन् । उनीहरूले पीडित भएका बखत नपाएको न्याय, राहत र परिपूरण अब ढिलो भइसकेको बताए । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी र कर्मचारीहरूको आपसी द्वन्द्व र वैमनस्यताले आफूहरू थप पीडित भएको भन्दै यस्ता पदाधिकारी र कर्मचारीलाई सरकारले तत्काल कालो सूचीमा राखेर कारवाही गरिनुपर्ने बताएका हुन् । द्वन्द्वका बेला पीडित भएका कतिपय बालबालिकाहरु अहिले पनि सडक बालबालिकाकै रूपमा रहेकाले उनीहरू शिक्षा, स्वास्थ्य र रोजगारको अवसरबाट वञ्चित भएको पीडित पक्षको भनाई थियो । द्वन्द्व पीडित साझा चौतारी इलामका अध्यक्ष दामोदर चापागाईंले पीडितले आर्थिक, सामाजिक, मनोवैज्ञानिक सबै ढङ्गबाट परिपूरण चाहेको बताए ।

((१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

आफ्नो छोरा मारिएको विषयमा चितवन अदालतमा पटक पटक पेशी सरिरहेको भन्दै गंगामाया अधिकारीले भोक हड्ताल गर्ने घोषणा गरिन् । गत ०७४ पुष २६ गते तोकिएको सुनुवाई सरेपछि गंगामायाले फेरि भोक हड्ताल गर्ने घोषणा गरेकी हुन् । बर्षौदेखि न्यायका लागि लडिरहेकी गंगामाया अब अस्पतालमा नबस्ने र सडकमा निस्केर न्यायालयको विरुद्ध आन्दोलनमा जाने भनि भोक हडतालको घोषणा गरेकी हुन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

वेपत्ता पारिएका व्यक्तिको छानबिन गर्न गठित आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको पदावधि सकिएपछि प्रतिनिधिसभाले ०७४ चैत १७ गते तेस्रो पटक एक बर्षका लागि म्याद थप गरेको छ । एक दशक लामो सशस्त्र विद्रोहको समयमा तत्कालीन विद्रोही माओवादी तथा राज्य पक्षबाट भएका अपराधका घटनाहरुवारे अनुसन्धान गर्न गठित यी दुई आयोगले काम शुरु गरेको तीन वर्ष भैसके पनि अझै उजुरी संकलन बाहेक खासै केही प्रगति भएको छैन । सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६०,००० तथा वेपत्ताको छानविन आयोगले ३,२०० उजुरी दर्ता भएको छ । हालसम्म वेपत्ता

छानबिन समितिले २ सय ७ वटा मुद्दामा विस्तृत छानविन शुरु गरेको छ भने सत्य निरुपण तथा मेलमिलाप आयोगले ८ सय २७ वटा मुद्दामा मात्र विस्तृत अनुसन्धान शुरु गरेको छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

वाग्लुङमा द्वन्द्वकालका घटनामा २४ बेपत्ताका परिवारले प्रारम्भिक राहत बुझेका छन्। सशस्त्र द्वन्द्वको समयमा १सय३९ जनाको मृत्यु भएको थियो भने १ सय२ जना अपहरणमा परेका थिए। त्यसैगरि विस्थापित ७९ जना, अंगभंग २३ जना र सामान्य घाइते हुने ५३ जना रहेको बताईएको छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुकोको छानविन गर्ने वेपत्ता छानविन आयोगले प्रदेश नं. पाँचस्थित बाँकेको नेपालगंज, रुपन्देहीको बुटवल लगायतका जिल्लाहरुमा पुगी एकदिने अन्तरक्रियात्मक कार्यक्रम गर्नुका साथै पीडित तथा उजुरीकर्ताहरुसंग बयान लिने कार्य गऱ्यो । अन्तरकृयामा पीडितहरुले राज्यले अहिलेसम्म पीडित र पीडित परिवारलाई रकम दिने शिवाय अरु केही काम नगरेको जनाउँदै व्याक्ति हत्या गर्ने र गंभीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका आरोपीहरुलाई कानुन अनुसार कारवाही गर्नुपर्नेमा जोड दिए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

## खण्ड ६- **प्रकोप**पछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**यस त्रैमासिक अवधिसम्म पनि भूकम्प पीडित तथा प्रभावितहरुले उचित क्षतिपूर्ति र राहत पाउन नसकेको गुनासो पुनः गरिरहे । कतिपय जिल्लाका स्थानहरुमा भूकम्प र पहिरोले क्षति पुरयाएको भवन र फर्निचरहरु निर्माण हुन नसक्दा बालबालिकाहरुको पठन पाठन समेत निकै समस्या देखिएको पाईयो । विराटनगर उपमहानगरपालिकाका बाढी पीडितहरुले सरकारले बिनियोजित गरि पठाएको रकम समेत स्थानीय तह मातहतको वडा कार्यालयबाट उपलब्ध गराउने कार्यमा वेवास्ता गरिएको जनाउँदै वडा कार्यालयमा तालावन्दी गरे ।**

त्यसैगरि ओखलढुङ्गामा भूकम्पबाट भत्किएका अधिकांश विद्यालयहरू पुनःनिर्माण हुन नसक्दा पठन पाठनमा समस्या भएको छ । पूर्ण र आंशिक रूपमा भत्किएका विद्यालयहरूको पुनःनिर्माण नहुँदा लेकाली भेगका विद्यालयमा पठनपाठन प्रभावित भएको छ । विद्यालय भत्किएपछि अस्थायी टहरामा कक्षा सञ्चालन गरे पनि चिसोका कारण कक्षा सञ्चालन गर्न कठिनाइ भएको पाल्ले माविका शिक्षक लाक्पा शेर्पाले बताए । जिल्लाका अधिकांश भत्किएका विद्यालयहरू पुनःनिर्माण भएका छैनन् । ०७२ बैशाख १२ गतेको महाभूकम्प र त्यसपछिका पराकम्पका कारण ओखलढुङ्गाका ८४ विद्यालय पूर्ण क्षति र १ सय ७६ विद्यालय आंशिक क्षति भएका थिए । जिल्ला शिक्षा कार्यालयले भने पुनःनिर्माण गरिने विद्यालय निर्माणको काम सुरू भइसकेको दावी गरेको छ ।

त्यसैगरि ताप्लेजुङ्ग मिक्वाखोला गाउँपालिका ३ स्थित पञ्चेश्वरी माध्यमिक विद्यालययको भवन पहिरोले बगाएपछि विद्यालयका विद्यार्थी तीन वर्षदेखि टहरामै बसेर पढ्न बाध्य भएका छन् । ०७२ जेठ २७ गते पहिरोले भवन बगाएपछि त्यसयता उक्त विद्यालयका १ सय २५ भन्दा बढी विद्यार्थी टहरामै पढ्न बाध्य भएका हुन् । कक्षाकोठामा बस्ने डेक्स बेञ्च र अन्य फर्निचरको पनि अभावले पठन पाठनमा निकै समस्या भएपछि नियमित रुपमा पढन आउने विद्यार्थीहरुको संख्यामा कमी आउन थालेको छ ।

(त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

रसुवाको हाकु गाविसका भूकम्प पीडितले पुनर्निर्माण सामग्री गाउँमा लैजान कठिनाई भएको बताएका छन् । सदरमुकाम धुन्चेबाट ६ घण्टाको दुरीमा रहेको हाकुका बासिन्दाले सिमेन्ट, रड अनि अन्य सामग्री गाउँमा लैजान निकै कठिन भएको भन्दै प्रशासनसँग बाटो बनाइदिन माँग गरे । रसुवामै भूकम्पले विस्थापित बालबालिका पढाइबाट बञ्चित भएका छन् । नागरिक दैनिकको ०७४ माघ ४ गते प्रकाशित समाचार अनुसार हाकु, डाँडागाउँ, लाङ्टाङ्का करीब १५० बालबालिकाहरु भूकम्पले गाउँबाट विस्थापित भएका छन् ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

मुलुक संघीय संरचनामा गइसकेपछि जिल्लाका अधिकांश निकायहरु खारेज तथा निष्क्रिय हुँदै जाँदा राष्ट्रिय पुननिर्माण प्राधिकरणले ती भूकम्प प्रभावित जिल्लाहरुमा आफ्नै निकायहरु स्थापना गर्ने तयारी गरिरहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुषालले जनाए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

पर्वत जिल्लामा भूकम्पले घर भत्किएका किसानलाई कृषि र पशुपालनमा समेत अनुदान वितरण हुने भएको छ। २०७४ चैत १७ गते कान्तिपुरमा प्रकाशित समाचार अनुसार कृषि तथा सहकारी र पशुपक्षी विकास मन्त्रालयबाट प्राप्त अनुदान जिल्ला कृषि विकास कार्यालय र पशुसेवा कार्यालयले किसान छनोट गरेर वितरण गर्न सुरु गरेका छन्। भूकम्पपीडित किसान लक्षित कार्यक्रम अन्तर्गत कृषितर्फ प्लास्टिक टनेल, माहुरी घार, साना सिँचाइ, माछापोखरी, प्लास्टिक पोखरी र थोपा सिँचाइका कार्यक्रम वितरण गर्न लागिएको वरिष्ठ कृषि विकास अधिकृत वासुदेव रेग्मीले बताए। त्यस्तै पशु

कार्यालयतर्फ गोठ सुधार, उन्नत बोका, उन्नत घाँस र पशु स्वास्थ्य शिविरको कार्यक्रम गर्न लागिएको वरिष्ठ पशु चिकित्सक सुधीर थापाले बताए।त्यसैगरि गोरखामा भूकम्पपीडितले राज्यले निर्धारण गरेको सेवासुविधा उपयुक्त ढंगले नपाएको भन्दै मानवअधिकारकर्मीले ध्यानाकर्षण सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छन् । प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतलाई ०७४ माघ २२ गते जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउँदै गोरखाका अधिकारकर्मीले त्यसतर्फ गंभीर हुन ध्यानाकर्षण गराएका हुन् । भूकम्पपछिको पुन:निर्माण, लाभग्राही सूचीमा नाम छुटेकाको समस्या, सार्वजनिक सडकको दुरावस्था, बजार क्षेत्रमा बढ्दो अतिक्रमण, निर्माण सामग्रीको ढुवानीमा भएको बेथिति, भाडादर लगायतका विषयमा अधिकारकर्मीले चासो व्यक्त गरेका थिए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

विराटनगर उपमहानगरपालिका वडा नं. १६ मा लामो समयसम्म पनि जनप्रतिनिधीहरुले बाढी पीडितहरुलाई राहत स्वरुप आएको पैसा वितरण नगरेको जनाउँदै बाढी पीडितहरुले ०७४ चैत्र ८ गते विराटनगर उपमहानगरपालिका वडा नं. १६ को वडा कार्यालयमा तालाबन्दी गरे । उक्त वडाका बाढी पीडितहरुले सरकारले दिने रकम नदिएको, जनप्रतिनिधीहरुले चलखेल गरेको आरोप लगाउँदै वडा कार्यालयमा नाराबाजी सहित तालाबन्दी गरेका थिए । सो वडामा बाढीबाट प्रभावित ८ सय ३० परिवारले राहत रकम पाउनु पर्नेमा २ सय ३० परिवारलाई मात्र उपलब्ध गराउने भनेपछि तालाबन्दी गर्नु परेको बाढी पीडितहरुले बताए ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

## ७ - प्रवृत्ति

जनप्रतिनिधिहरुको नीति संगत कार्य नहुने र नीतिकै पनि अभाव, स्थानीय तहमा कर्मचारी र जनप्रतिनिधिहरुको अनुपस्थिती, कर्मचारीको कमी जस्ता कारणले स्थानीयले भोगिरहेको समस्या कारण आउदा दिनमा विरोध र तनाव उत्पन्न हुने सम्भावनालाई नकार्न सकिने अवस्था छैन ।

स्वास्थ्य क्षेत्रमा भईरहेको वेवास्ता रलापरबाही, दक्ष जनशक्ति अभाव, भएका चिकीत्सकहरु समेत अस्पतालमा नबस्ने जस्ता कारणले सर्वसाधारणले सरल र सहज रुपमा स्वास्थ्य उपचार पाउन सक्ने अवस्था देखिदैन ।

महिलामाथिको हिंसाका घटनाहरु यस त्रैमासिक अवधिमा पनि व्यापक रुपमा देखिएकोले घटना न्यूनिकरणका लागि सरकार, स्थानीय तह र नागरिक समाजले यस विरुद्ध अझ शसक्त रुपमा लाग्नुपर्ने अवस्था देखिएको छ। यस अवधिका घटनाहरुलाई हेर्दा बलात्कारका घटनाहरु बढदो रुपमा रहेको र त्यसमा पनि साना उमेरका नावालिकाहरु बढी पीडित हुने गरेको देखिएकोले यसलाई एक गंभीर चूनौतीका रुपमा लिनुपर्ने देखिन्छ ।

बिप्लव नेतृत्वको नेकपा माओबादीले गरेको हिंसात्मक गतिविधि, तोडफोड र आगजनीले आउँदा दिनमा पनि थप समस्या र क्षति नहोला भनेर भन्न सकिने अवस्था छैन । तसर्थ यसका लागि सरकारले गंभीर भई उक्त संगठनसंग वार्ता र सम्वादको गरि समस्याको समाधान खोज्नु जरुरी छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

स्थानीय तहमा देखिएको विवाद र विकासमा भएको अवरुद्धले स्थानीय समुदाय र निर्वाचित जनप्रतिनिधि ध्रुवीकृत हुने अवस्था देखिएको हुँदा यसतर्फ स्थानीय तहका जनप्रतिनिधिहरु सजग हुनुपर्ने देखिन्छ ।

शसस्त्र समूहको नामबाट भईरहेको हिंसात्मक गतिविधि र बिष्फोटका घटनाले स्थानीय व्यापारीहरुमा त्रास र असुरक्षा बढाईरहेको हुँदा सरकार र सुरक्षा निकायले सुरक्षा संवेदनशीलतालाई ख्याल गर्नुपर्ने देखिन्छ। अन्यथा व्यापारी पलायनको अवस्था समेत उत्पन्न हुन सक्ने चूनौती देखिन्छ ।

महिलामाथिको हिंसा बढदो रुपमा रहेको पाईएकोले महिला र बालिकामाथिको असुरक्षा पनि एक चूनौतीकै रुपमा देखिने सम्भावना बढदो रुपमा देखिएको छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

भ्रष्टाचारका घटनाहरुसार्वजनिक भैरहेका छन् तर ती घटनमा संलग्नलाई कारवाही गर्ने तथा मुद्दा चलाउने क्रम भने निक्कै नै न्यून रहेको छ ।यसैगरीस्थानीय निकायको चुनावपछि स्थानीय तहमा सुशासन कायम हुने अपेक्षा गरिए पनि निर्वाचित पदाधिकारीहरुको उदासीनतले खासै उपलब्धी भएको पाइएको छैन । प्राकृतिक स्रोतको अवैध दोहन बढेकै छ भने स्थानीय प्रतिनिधिको निगरानी नहुँदा बलात्कार जस्ता जघन्य अपराधमा प्रहरी लगायतका अन्य निकायहरु अपराधलाई ढाकछोप गर्न खोज्नुले आउँदा दिनमा थप चुनौती बढने सम्भावना बढदो रुपमा रहेको देखिन्छ ।

भूकम्पपीडितले अझै सज रुपमा राहतको अनुभूति गर्न नसक्दा सरकारप्रति नै पीडितहरुको सोच र धारणा नकारात्मक हुनु स्वाभाविक देखिन्छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

स्थानीय तहको केन्द्र कहाँ राख्ने भन्ने विवाद उठ्न थालेकोले भोलि दुई वा दुईभन्दा बढी स्थानीय तहबीच साझा स्वार्थका विषयमा पनि यस्तो तनाव देखा पर्न सक्ने अवस्था देखिन्छ ।

प्रदेशको नाम के राख्ने भन्ने सवाल अहिले पेचिलो नबनेपनि प्रदेश नामाकरणको विषयले कुनै समुदाय विशेषको आस्थामा ठेस पुग्न सक्ने जोखिम प्रष्ट देखिन्छ । यसले सामाजिक सद्भाव समेत खल्बल्याउन सक्ने आम चिन्ताको विषय रहेको देखिन्छ ।

प्राकृतिक स्रोतको उपयोग सम्बन्धमा स्थानीय तहमा देखापरेको विवाद संवेदनशील छ । सँगसँगै प्राकृतिक स्रोतको उपयोगबाट अर्को समुदायमा पर्न सक्ने असरलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती पनि देखा परिरहेको छ । यसले भोलीका दिनमा थप विवाद नहोला भन्न सकिन्न ।

भूकम्पपीडितहरुको पीडाको अवमूल्यन भइरह्यो भने पीडित र प्रभावितहरुमा थप आक्रोशित हुने सम्भावना बढदो छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

स्थानीय तहको संरचनापछि निर्वाचित जनप्रतिनिधिहरुबाट सकारात्मक विकासको अपेक्षा बढी गरिएपनि बढ्दो कर भार र बढ्दो संस्थागत भष्ट्राचारले नागरिकमा नैराश्यता बढदो छ ।

लामो समयसम्मको द्वन्द्वको व्यवस्थाका क्रममा द्वन्द्वका पीडितहरुप्रति उचित सम्बोधन र न्यायलाई राज्यले अंगीकार गर्न नसकेका कारण आगामी दिनमा पुनः प्रतिशोध नरहिरहला भन्न सकिन्न ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी बिपल्व समुहको हिंसात्मक गतिविधि, चन्दा आतंक, आगजनी जस्ता गतिबिधिका कारण स्थानीयमा थप जोखिम बढन सक्ने सम्भावना देखिन्छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

संघीय संरचना निर्माण भई जनप्रतिनिधिहरुको चयन भइसक्दा समेत कानुन र कर्मचारीको अभावमा जनताका काम हुन नसक्नुले गम्भीर असर उत्पन्न गर्न सक्ने देखिन्छ। यसले एकातर्फ स्थानीय सरकारले आफ्नो संबैधानिक अधिकार प्रयोग गर्न नसकेकोले निकम्मा हुनुपर्ने अवस्था छ भने अर्कोतर्फ जनताका काममा अवरोध हुँदा शासन व्यवस्थाप्रति वितृष्णा हुनसक्छ ।

नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) ले प्रदेशका विभिन्न जिल्लामा भूमिगत कृयाकलाप संचालन गर्नु तथा बेलाबेलामा गैर कानुनी व्यवहार प्रदर्शन गर्नुले सुरक्षा चुनौती थपेको छ। विप्लव समूहलाई राजनीतिक रुपमा वार्तामा बोलाई समस्याको हल खोज्नु श्रेयस्कर हुन्छ ।

धेरैभन्दा धेरै स्थानीय स्तरमा आउने मुद्दा छिनोफानो गर्ने न्यायिक समिति यथासमयमा गठन गरीकाम शुरु गर्नुपर्ने आवश्यकता छ । न्यायिक समिति गठन नहुँदा धेरै मुद्दा थुप्रँदै जाने र यसले समाजमा विभाजनको रेखा कोर्ने सम्भावना देखिन्छ ।

(१२ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**१२ औं EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्बर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन (नेमाफ) का नन्दकुमार साह, प्रदेश नम्वर ३ मा पत्रकार रुद्र पंगेनी, प्रदेश नम्वर ४ मा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे, प्रदेश नम्वर ६ मा मध्यपशिचमाञ्चल विश्वविधालय सुर्खेतका कमलराज लम्साल र प्रदेश नं. सातमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले गर्नुभएको छ ।**